

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**मजदुर दैनिक विज्ञापन शाखा**

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : ८ ★ ने. सं. ११४६ शिल्ला थ्व, त्रयोदशी/चतुर्दशी ★ शनिबार ★ १७ माघ, २०८२ ★ January 31, 2026, Saturday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


## "शासक दलहरूलाई विस्तारवाद र साम्राज्यवादले नचाइरहेको खुल्दै छ"




भक्तपुर, १६ माघ । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिको आयोजनामा शुक्रबार कार्यकर्ता भेला गरी चुनाव प्रचार समिति गठन गरिएको छ ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले भन्नुभयो, "पुँजीवादी व्यवस्थामा हरेक १० वर्षमा आर्थिक सङ्कट आउँछ । पुँजीपतिवर्गले यो आर्थिक सङ्कटलाई ढाकछोप गर्न नयाँ नयाँ पार्टी र पात्रलाई निर्वाचनमा उभ्याउँछ । नेपालमा पैतीस वर्षयता यस्तै भइरहेको छ ।"

उहाँले अगाडि भन्नुभयो, "दु:ख एक एक पाइला गरी मेटिन्छ । सबै दु:खको उपाय वैज्ञानिक समाजवाद हो । नेपालमा सरकारी बजेट प्रणाली बाहिर वार्षिक १ अर्ब १० करोड डलर राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत खर्च भइरहेको सार्वजनिक भयो । यस्तो बजेटले देशका नयाँ पुस्तालाई बाटो बिराउन लगाउँछ । गत भदौ २३ र २४ गतेको घुसपैठ र आगजनीलाई यही दृष्टिकोणबाट हेर्नु आवश्यक छ ।"

"शासक दलहरूलाई विस्तारवाद र साम्राज्यवादले नचाइरहेको पनि खुल्दै छ । कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, एमसीसी सम्झौता आदि यसका उदाहरण हुन् । नेपालका नदीनालाबाट बिजुली निकाल्न नसक्ने र एक एक गरी भारतीय एकाधिकार पुँजीलाई दिने सरकार र तिनका प्रधानमन्त्री एवं मन्त्री कसरी देशभक्त होलान् ?" सचिव सुवालले प्रश्न गर्नुभयो ।

उहाँले भन्नुभयो, "संरा अमेरिकी राष्ट्रपति जेम्स मुनरोले ल्याटिन अमेरिकी देशहरूलाई करेसाबारी ठान्नेजस्तै दक्षिण एसियाका देशहरूमा भारतको प्रभुत्व हुनुपर्ने बताउने नयाँ पार्टी र नयाँ पुस्ता पनि विदेशी दलाल नै हुन् ।"

नेमकिपाका कार्यकर्ताहरूले निर्वाचन आचारसंहितालाई पालना गर्न उहाँले निर्देशन दिनुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईले देश र जनताको पक्षमा नि:स्वार्थ रूपले सेवा गर्ने भावनामा उत्प्रेरित गर्न हरेक कार्यकर्ताहरू निरन्तर लागिरहनुपर्ने बताउनुभयो ।

पार्टीको निर्देशनअनुसार

*बाँकी पृष्ठ ८ मा*

## विद्यालय देशको लागि आवश्यक जनशक्ति उत्पादन र आधार निर्माण गर्ने थलो हुनुपर्ने




भक्तपुर, १६ माघ । पारागन एकेडेमीको २३ औं वार्षिकोत्सव तथा पुरस्कार वितरण कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले विद्यालय देशको लागि आवश्यक जनशक्ति उत्पादन र आधार निर्माण गर्ने थलो हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "हरेक क्षेत्रका विज्ञ, विशेषज्ञ, डाक्टर, नर्स, वैज्ञानिक, पाइलट, व्यापारी, उद्योगपतिहरू विद्यालयले दिइने शिक्षाकै जगमा तयार हुने भएकोले यसतर्फ विद्यालय सचेत हुनुपर्छ । असल नागरिक तयार गर्न शिक्षकहरूको भूमिका महत्त्वपूर्ण हुने भएकोले विद्यालयले शिक्षकहरूको व्यक्तित्व विकास एवम् उज्ज्वल भविष्य लक्षित कार्यक्रम सञ्चालन गर्नु जरूरी छ ।"

विकसित देशहरूमा अब्बल विद्यार्थीहरूको पहिलो रोजाइ शिक्षक हुने र शिक्षकहरूको सेवा-सुविधा पनि तुलनात्मकरूपमा राम्रो हुने चर्चा गर्दै प्रमुख प्रजापतिले नेपालका अब्बल विद्यार्थीको पहिलो रोजाइ शिक्षण पेसा बनाउनेतर्फ राज्यले उचित ध्यान दिनु जरुरी भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "जुनसुकै पेसा रोजे पनि स्वदेशमै बसेर सेवा गर्नु आवश्यक छ । वैदेशिक रोजगारीले देश सम्पन्न हुन नसक्नेतर्फ नयाँ पुस्तालाई सचेत गराउनैपर्छ ।"

विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकको बन्दोबस्त नहुनु, पाठ्यपुस्तक समयमा नपुग्नु, परीक्षा नियमित नहुनुजस्ता कारणले सरकारी विद्यालयको शिक्षाको गुणस्तर खस्केको जनगुनासोबारे सरकार बेलैमा सचेत हुनुपर्ने प्रमुख प्रजापतिले बताउनुभयो ।

राज्यले शिक्षा क्षेत्रमा गरेको खर्चअनुसार सरकारी विद्यालयको गुणस्तरमा प्रश्न उठ्ने गरे पनि भक्तपुरका सार्वजनिक विद्यालयको गुणस्तर राम्रो रहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "२०८१ सालको एसईई परीक्षामा भक्तपुर नगरका ९० प्रतिशत विद्यार्थी उत्तीर्ण भए । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको नर्सिङको हालै प्रकाशित परीक्षा नतिजाअनुसार परीक्षामा सहभागी ४० जना विद्यार्थीमध्ये ३३ जना विशिष्ट श्रेणीमा र ७ जना पहिलो श्रेणीसहित १०० प्रतिशत उत्तीर्ण भए ।"

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने सपनालाई साकार बनाउन

*बाँकी पृष्ठ ८ मा*

## जनता सचेत पार्ने कार्य पार्टी कार्यकर्ताहरूले गर्नुपर्ने

दैलेख, १६ माघ । नेपाल क्रान्तिकारी युवा सङ्घ दैलेखको जिल्लास्तरीय भेला दुल्लू नगरपालिका वडा नं. ८ धुलेश्वरमा शुक्रबार भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले कामदार जनताको शासन समाजवाद नआएसम्म गरिब जनताको हित नहुने बताउनुभयो । उहाँले जनता सचेत बनाउने काममा हरेक पार्टी कार्यकर्ताको योगदान हुने उल्लेख गर्दै शासक दलको अकर्मण्यताले जनताले दु:ख पाएको बताउनुभयो ।

अर्का केन्द्रीय सदस्य केसेन्द्रप्रकाश कार्कीले नेमकिपा वर्गीय राजनीतिक पार्टी भएकोले कामदारवर्गको हितमा काम गर्ने विचार व्यक्त गर्दै जनतालाई समाजवादी व्यवस्थाबारे बुझाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

पार्टीका केन्द्रीय सदस्य एवम् प्रतिनिधिसभा क्षेत्र नं. २ का उम्मेदवार बखतबहादुर थापाले विश्वका हरेक क्रान्तिबारे जानकारी दिँदै पार्टी कार्यकर्ताले जनताको बिचमा जानुपर्ने बताउनुभयो ।

नेमकिपा जिल्ला समिति दैलेखका अध्यक्ष एवम् प्रतिनिधिसभा क्षेत्र नं. १ का उम्मेदवार जगतबहादुर ओलीले राजनीतिलाई व्यापारीकरण गर्नेहरूदेखि सावधान




हुन आग्रह गर्नुभयो ।

नेमकिपा कर्णाली प्रदेश समिति सदस्य नीरकबहादुर शाही, नेमकिपा जिल्ला सदस्य एवम् समानुपातिक उम्मेदवार सौरे कामी, नेक्राकिसङ्घ जिल्ला अध्यक्ष खड्गबहादुर कठायत, कानुन अध्ययन समाजका केन्द्रीय उपाध्यक्ष शिवराज दाहाल, पार्टीका पुराना कार्यकर्ता एवम् दुल्लू नगर समिति सदस्य पद्मबहादुर बुढा, नेक्राविसङ्घ जिल्ला अध्यक्ष खेमराज दाहाल, लक्ष्मीकुमार विक र मदनकुमार भण्डारीले पनि बोल्नुभएको थियो ।

भेलाले केशव खड्काको अध्यक्षतामा १३ सदस्यीय नेक्रायुसङ्घ जिल्ला समिति गठन गरेको छ ।


**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।**

❖आगो तथा हीटर नजिकबाट नतापौं।
❖कागज, कपडाजस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरनजिक नराखौं।
❖कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
❖आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
❖बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
❖बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटरनजिक एक्लै नछोडौं।
❖घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं।
❖आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**सहिदप्रति श्रद्धाञ्जली माल्यार्पण**

कीर्तिपुर नगरपालिका वडा नं. ८ पाँगास्थित सहिदपथ सालिकमा प्रात: कालीन सहिद गंगालाल, धर्मभक्त, पुष्पराज र दशरथ चन्दको प्रतीमामा शुभबिहानीमै माल्यार्पण भयो । सहिद स्मृति व्यवस्थापन समितिका अध्यक्ष नारायण महर्जन, सदस्य रामभोला महर्जनलगायत स्थानीयवासीले माल्यार्पण र पुष्पगुच्छा चढाई श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । हरेक वर्ष माघ १६ गते सहिद दिवसको दिन सहिद श्रद्धाञ्जली कार्यक्रम पाँगाको सालिकमा आयोजना हुने गर्दछ । *तस्बिर : मजदुर दैनिक*

# रामेछाप–काठमाडौँ सम्पर्क समितिको आयोजनामा भेला




भक्तपुर, १६ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा भेला तथा प्रशिक्षण कार्यक्रम नेपाल मजदुर किसान पार्टी काठमाडौँ रामेछाप सम्पर्क समितिका संयोजक धनबहादुर श्रेष्ठको सभापतित्व र न्हुछेभक्त फोजुको प्रमुख आतिथ्यमा शुक्रबार भयो ।

कार्यक्रममा अतिथि न्हुछेभक्त फोजुले फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा भाग लिने उम्मेदवारहरूले जनताको के कस्ता विषय उठाउनुपर्छ; उम्मेदवार हुनुको उद्देश्य कस्तो हुनुपर्ने भन्ने विषयमा प्रस्ट पार्नुभयो ।

गणेशराम थुसाले कम्युनिस्ट पार्टीहरू पुँजीवादी व्यवस्थाको सरकारमा जानुहुन्न हुने विषय प्रस्ट पार्नुभएको थियो ।

कार्यक्रममा श्यामकृष्ण खत्रीले जनतासँग नजिक भएर जनताको दु:ख सुख विकास निर्माणको काममा भाग लिँदा जनताको भावना बुझी काम गर्नसक्नेमा प्रस्ट पार्नुभएको थियो ।

नेपाल मजदुर किसान पार्टीको तर्फबाट रामेछाप जिल्लामा प्रत्यक्षतर्फ उम्मेदवारी दिनुभएका उम्मेदवार केशरी श्रेष्ठले योजनाहरू प्रस्तुत गर्नुभएको थियो भने दोलखा क्षेत्र नम्बर १ को उम्मेदवार बिमला श्रेष्ठले पनि योजनाहरू पेस गर्नुभएको थियो ।

# मूल्य विश्लेषण प्रतिवेदन सार्वजनिक खाद्य वस्तुको मूल्यमा उतारचढाव

काठमाडौँ, १६ माघ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गत पुस महिनाको मूल्य विश्लेषण प्रतिवेदन सार्वजनिक गरेको छ ।

बजार मूल्यसँग सम्बन्धित तथ्याङ्क नै मूल्य तथ्याङ्क भएको स्पष्ट पार्दै विभागले विभिन्न पाँचवटा कार्यालयमार्फत सङ्कलन गरिएको विवरण सार्वजनिक गरेको हो । गत पुसमा बजार मूल्यमा सामान्य उतारचढाव भएको विभागले उल्लेख गरेको छ ।

आगामी दिनमा मूल्य स्थिरता कायम गरी सोहीअनुसारको विकल्पको विकास गर्न सरकारी संस्थानहरूलाई सक्षम बनाउनुपर्ने, तरकारी, फलफूलगायत खाद्यान्नको उत्पादन मूल्यभन्दा बिचौलियाले गर्दा मूल्यमा उतारचढाव भएको प्रतिवेदनमा स्पष्ट पारिएको छ ।

यस्ता प्रवृत्तिको निरुत्साहन गर्न व्यापारका विकल्पहरू संस्थान, सहकारी, व्यापारिक सञ्जाल, साझेदारीजस्ता पद्धतिको विकास गर्नु आवश्यक रहेको ठहर गरिएको छ । मूल्य नियन्त्रणका लागि वस्तुको उत्पादनलाई बढावा दिने, वितरणकारी तहहरू कम गर्ने, आपूर्ति व्यवस्थापन प्रभावकारी बनाउने, बिचौलियाले मूल्यवृद्धि गर्ने प्रवृत्तिलाई अन्त्य गर्नुपर्ने विभागको सुझाव छ ।

यस्तै, सिन्डिकेट र कार्टेलिङको अन्त्य गरी स्वच्छ प्रतिस्पर्धी बजारको निर्माण गर्ने र नियमित रूपमा बजारको अनुगमन गर्नुपर्ने अध्ययनको सुझाव छ । विभागले विराटनगर, वीरगन्ज, भैरहवा, नेपालगन्ज, धनगढी र काठमाडौँ कार्यालयमार्फत खाद्य वस्तु तथा अन्य उपभोग्य सामग्रीको न्यूनतम र अधिकतम मूल्य पत्ता लगाउने उद्देश्यका साथ अध्ययन गरेको थियो ।

विभागका अनुसार विभिन्न सहरमा सोना मन्सुली, स्टिम जिरा, जनरल जिरा र मोटा चामलको मूल्यमा सामान्य उतारचढाव आएको देखिन्छ । मङ्सिरको तुलनामा गत पुसमा सोना मन्सुली चामलको मूल्य घटेको र वास्मती चामलको मूल्य बढेको देखिन्छ भने अन्य चामलको मूल्यमा सामान्य उतारचढाव आएको देखिन्छ ।

यस्तै, दालको मूल्यमा केही वृद्धि भएको देखिन्छ । गेडागुडीको मूल्यमा सामान्य परिवर्तन आएको, राज्मा सिमीको मूल्यमा भने मध्यम उतारचढाव भएको पाइएको छ । तरकारी तथा मसलाको औसत मूल्यमा मध्यम उतारचढाव भएको तथा आलु, काउली र प्याजमा सामान्य परिवर्तन भएको भए पनि अदुवा, गोलभैँडा, लसुन सुकेको र खुर्सानी सुकेको जस्ता मसलाजन्य खाद्यवस्तुमा ठुलो मात्रामा उतारचढाव भएको अध्ययनमा देखिएको छ ।

स्याउ, अनारलगायत फलफूलको मूल्यमा असामान्य उतारचढाव देखिनुले विभिन्न सहरको फलफूलको मूल्यमा सोही अनुपातमा परिवर्तन भएको पाइएको छ । माछा, मासु र अण्डाको औसत मूल्यमा सामान्य परिवर्तन आएको पाइएको छ । विभिन्न सहरको तुलनामा खसी, ब्रोइलर, अण्डा र माछालगायतका मूल्यमा सामान्यदेखि मध्यम उतारचढाव भएको अध्ययनमा पाइएको छ ।

# कमिसनखोर शासक दलहरूबाट देश बन्दैन

सुर्खेत, १६ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम शुक्रबार वीरेन्द्रनगर अलायचौरमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सल्लाहकार समिति सदस्य नर्मा गुरुङले नेपाली नै नरहने हो भने तेरो दल र मेरो दल पनि हुनेछैन भन्दै शासक दलहरूले कमिसनका लागि विदेशी पुँजीपतिवर्गको सेवा गरी देशलाई डुबाएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले निर्वाचनमा पैसा सामान बाँडेर, भोज भतेर खुवाएर निर्वाचन जित्ने पुँजीवादी निर्वाचन प्रणाली नै कमजोरी भएकोले कामदार जनताका छोराछोरी निर्वाचित हुन गाह्रो भएको बताउँदै मतदाताले विगतको समीक्षा गर्दै मतदान गर्न आग्रह गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समिति सदस्य हरिबहादुर बोहराले आचारसंहिता मिचेर पुँजीवादी दलहरूले निर्वाचन जित्ने र राज्यको सम्पत्ति दोहन गर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समिति सदस्य धनेन्द्र विक, लालबहादुर थापा, नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय सदस्य अकल राना, नेपाल क्रान्तिकारी युवा सङ्घ जिल्ला समिति सुर्खेतका अध्यक्ष रणबहादुर राना, मनबहादुर विक, अङ्गबहादुर शाही, खेमराज कँडेल, सर्मिला विकले पनि बोल्नुभएको थियो ।

कार्यक्रम नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिल्ला समिति सुर्खेतका अध्यक्ष निरकबहादुर शाहीको अध्यक्षतामा भएको थियो ।

# नर्सिङ दोस्रो वर्षको नतिजामा ३३ जना विशिष्ट श्रेणीसहित शतप्रतिशत विद्यार्थी उत्तीर्ण

भक्तपुर, १६ माघ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) ले २०८२ मङ्सिर महिनामा सञ्चालन गरेको प्रमाणपत्र तह नर्सिङ दोस्रो वर्षको परीक्षाको नतिजा माघ १५ गते प्रकाशन गरेको छ ।

प्रकाशित नतिजाअनुसार भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहु-प्राविधिक अध्ययन संस्थानका ४० जना विद्यार्थी सम्मिलित भएकोमा सबै विद्यार्थीहरू उत्कृष्ट अङ्कका साथ उत्तीर्ण भएका छन् ।

नतिजामा आयुषा तुकंबन्जारले ९०.३ प्रतिशतसहित उच्चतम अङ्क ल्याउन सफल भएको संस्थानबाट जानकारी प्राप्त भएको छ । परीक्षामा सम्मिलित ४० जना विद्यार्थीहरूमध्ये १ जना विद्यार्थीले ९० प्रतिशतभन्दा माथि, ३२ जनाले ८० प्रतिशतभन्दा माथि र ७ जनाले ७७.३ प्रतिशतभन्दा माथि अङ्क ल्याई उत्तीर्ण भएका छन् ।

# सहिद दिवसमा ख्वपमा विविध गतिविधि

भक्तपुर, १६ माघ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मा.वि., ख्वप कलेज र शारदा क्याम्पस मा.वि.मा शुक्रबार विद्यार्थीबिच निबन्ध लेखन, वक्तृत्वकला र कविता वाचन प्रतियोगिता सम्पन्न भयो ।

कलेज तथा विद्यालयमा अध्ययनरत विद्यार्थीबिच 'समतामूलक समाज निर्माणमा युवाको भूमिका', 'युद्ध, अर्थतन्त्र र साम्राज्यवाद', 'पर्यावरणीय समस्या र विश्व प्रभुत्व', कृत्रिम बौद्धिकता र भविष्यको रोजगारी' तथा 'बौद्धिक पलायन र देश विकासमा त्यसको असर' विषयमा वक्तृत्वकला, निबन्ध लेखन र कविता वाचन प्रतियोगिता भएको थियो ।

शुक्रबार नै कलेज तथा विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीको सहभागितामा कलेज/विद्यालय परिसरमा सरसफाइ कार्यक्रम भयो ।

## हार्दिक समवेदना



जन्म
२००० ।०१ ।१०

निधन
२०८२ ।१० ।११

हाम्रा आत्मीय मित्र बुद्धिकुमार सुखपायोका पूजनीय पिता **कृष्णभक्त सुखपायो**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

साथीहरू

| | | | | | |
|---|---|---|---|---|---|
| दिलिपकुमार सुवाल | अजय फसिकव | सूर्य लवजु | ईश्वर देउला | सविन देउला | रोहित देउला |
| रामकृष्ण प्रजापति | केशव कोजु | रामसुन्दर कोजु | ईश्वर श्रेष्ठ | पुण्यराम सुवाल | गंगाराम देउला |
| राम सुवाल | रविन कोजु | केशव प्रजापति | साजन कपाली | अनिस देउला | विष्णुप्रसाद देउला |
| सीताराम सुवाल | छोरी देउला | पुरूषोत्तम कवाँ | सविन गोर्खाली | साजन कासिछ्वा | केदार दुवाल |
| रामशरण त्वाती | रीता देउला | अर्जुन कपाली | लक्ष्मीप्रसाद दुमरु | सुदिल गोसाई | राजकुमार सुवाल |
| हरिकृष्ण तुल्सीबाख्यो | राजेन्द्र कोण्डा | धनेश्वरी प्रजापति | लक्ष्मीप्रसाद खोँजु | ज्ञानेन्द्र सुवाल | तुल्सीराम ह्योंगोजु |
| आशराम सुवाल | अजय देउला | तुल्सीराम नखेत्रु | न्हुछेकुमार कोजु | लक्ष्मीसुन्दर ह्योंगोजु | जेनिक देउला |
| दिलिपनारायण श्रेष्ठ | राजीव पुजारी | रमिता तमखु | जेमिन कोजु | किशोर कोजु | राजेश भैनात्व |
| भरत अवाल | रेनुका कर्माचार्य | कमला देउला | राजेन्द्रमान उलक | सुन्दर ब्यान्जु | रुकेश सुवाल |
| विष्णुभक्त सुवाल | विक्रम गाईजु | आशभक्त वंशमणी | राधेश्याम मचामसी | पूर्णभक्त बोहजु | दिनेश बासी |
| पुरुषोत्तम डाखुसी | विश्वराम कोजु | आशराम नागाजु | राजकुमार दुवाल | सागर तचामो | रोशन धौवन्जार |
| | | | | | मिनप्रसाद पोडे |

## सङ्क्षिप्त समाचार

# आचारसंहिता पालन गर्ने दल र उम्मेदवारको प्रतिबद्धता

नेपालगन्ज, १६ माघ । तीन निर्वाचन क्षेत्र भएको बाँकेमा आचारसंहिता पालनासम्बन्धी बैठक सम्पन्न भएको छ । बैठक राजनीतिक दल र तिनका उम्मेदवारसँग बिहीबार सम्पन्न भएको हो ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं २ ले आयोजना गरेको उक्त बैठकमा सहभागी राजनीतिक दल र उम्मेदवारले आचारसंहिता पालन गर्ने प्रतिबद्धता जनाएका छन् । त्यस अवसरमा बाँकेका मुख्य निर्वाचन अधिकृत दीपककुमार दाहालले निर्वाचन आचारसंहिता पालना गर्नु सबैको दायित्व भएको बताउँदै त्यसको उल्लङ्घन नहुनेमा राजनीतिक दलका साथै प्रत्याशीहरू सचेत रहनुपर्नेमा जोड दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले निर्वाचन आचारसंहिता पालना भएनभएको कडाइका साथ अनुगमन गरिने बताउनुभयो । बैठकमा नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो नेपाल पार्टीका प्रतिनिधि सहभागी थिए । **रासस**

# पाँच सय किलो गाँजासहित दस जना पक्राउ

काठमाडौँ, १६ माघ । भोजपुरको हतुवागढी गाउँपालिका-९ मचुवाबाट ५०० किलो गाँजासहित आमचोक गाउँपालिका-९ का २९ वर्षीय रूद्रबहादुर श्रेष्ठका साथ अन्य नौ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार उनीहरू बिहीबार पक्राउ परेका हुन् । शङ्कास्पद गतिविधिमा संलग्न उनीहरू एउटा ट्र्याक्टरमा आफ्नो गन्तव्यतर्फ गइरहेका थिए ।

प्रहरीले नाम्ल ३५० नम्बरको ट्र्याक्टरमा जाँच गर्दा ४३ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारेको हो । सबै अभियुक्तलाई हिरासतमा लिएर अनुसन्धान थालिएको छ । ट्र्याक्टर पनि प्रहरी नियन्त्रणमा छ । **रासस**

# उच्च पहाडी तथा हिमाली भागका केही स्थानमा हल्का वर्षा र हिमपात हुने

काठमाडौँ, १६ माघ । हाल देशमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

कोसी र मधेस प्रदेशका केही स्थानमा हुस्सु लागेको छ भने कोसी प्रदेशलगायत देशका पहाडी तथा हिमाली भू-भागमा आंशिक बादल लागेको छ । महाशाखाका अनुसार शुक्रबार अपराह्न कोसी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एकदुई स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना छ भने तराई भेगमा हुस्सु लाग्ने छ । कोसी, वाग्मती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भागमा आंशिक बादल लाग्नेछ भने बाँकी भू-भागमा मुख्यतया मौसम सफा रहने छ ।

कोसी, वाग्मती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एकदुई स्थानमा हल्का हिमपात र वर्षाको सम्भावना पनि छ ।

त्यसैगरी, आज राति तराईका केही स्थानमा हुस्सु लाग्नेछ । कोसी, वाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रदेशका उच्च पहाडी तथा हिमाली भागमा आंशिक बादल लाग्ने छ भने बाँकी भागमा मुख्यतया मौसम सफा रहने छ ।

हिमपात र वर्षाका कारण दैनिक जनजीवन, पर्यटन, स्वास्थ्य तथा हवाई तथा सडक यातायातमा प्रभाव पर्ने भएकाले सम्बन्धित सबैलाई आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ । **रासस**

# हिउँदे वर्षाले काँचो इँटामा क्षति

नेपालगञ्ज, १६ माघ । दुई दिनसम्म परेको हिउँदे वर्षाका कारण बाँकेमा काँचो इँटामा क्षति पुगेको छ । यहाँस्थित एउटा भट्टामा ५० लाखदेखि एक करोड थान तयार पारेर सुकाउन राखिएको काँचो इँटामा क्षति पुगेको इँटा व्यवसायी सङ्घ लुम्बिनीका उपाध्यक्ष दीपक अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार बाँकेमा मात्रै करिब रु. १० करोडको इँटा नोक्सानी भएको छ ।

उपाध्यक्ष अधिकारीले काँचो इँटामा क्षति पुगेपछि यसको असर उत्पादनमा पर्ने भएकाले इँटाको भाउ बढ्ने सङ्केत गर्नुभयो । "उत्पादन भएको इँटामा क्षति भएपछि यसको प्रभाव इँटाको बजार भाउमा पनि पर्न सक्छ," उहाँले भन्नुभयो । अधिकारीले काँचो इँटाको बीमा गर्न नमिल्ने भएकाले व्यवसायीले वर्षामा क्षति व्यहोर्नुपर्ने अवस्था रहेको उल्लेख गर्दै पानीले भिजेका कुनै इँटा काम नलाग्ने बताउनुभयो ।

जिल्लामा रहेका करिब ७० इँटा उद्योग र बर्दियामा रहेका करिब २३ इँटा उद्योगमा तयारी अवस्थामा रहेका काँचो इँटामा वर्षाले क्षति पुऱ्याएको छ । विगतमा माघ १ गतेपछि मात्रै इँटाभट्टा सञ्चालन हुने भएकाले अहिले इँटा पकाउन तयारी अवस्थामा रहेको समयमा पानी परेपछि क्षति भएको व्यवसायीले जनाएका छन् ।

करिब रु. चार करोड लगानी रहेको इँटा उद्योगमा ३०० हाराहारीमा जनशक्ति छन् । एउटा इँटालाई रु. १५ पर्छ । बाँकेको नेपालगञ्जबाहेक खजुरा, जानकी, नरैनापुर, डुडुवा, राप्तीसोनारीलगायत स्थानमा इँटाभट्टा सञ्चालनमा रहेका छन् । **रासस**



**काउली बिक्री गर्न आएका किसान**

सुनसरीको इनरुवा नगरपालिका-४ स्थित कृषि थोक बजारमा आफूले उत्पादन गरेको काउली बिक्री गर्न आएका किसान । यतिबेला काउली थोकमा २५ देखि ३० रुपियाँ प्रतिकिलोका दरले कारोबार भइरहेको व्यापारी बताउँछन् । तस्बिर : नवीन गड्तौला/रासस

# सर्लाहीमा चार लाखभन्दा बढीलाई हात्तीपाइलेविरुद्धको औषधि खुवाइने

बरहथवा (सर्लाही), १६ माघ । सर्लाहीका १२ स्थानीय तहमा हात्तीपाइले रोगविरुद्धको औषधि खुवाइने भएको छ । स्वास्थ्य कार्यालय सर्लाहीका अनुसार जिल्लाको १२ वटा पालिकामा हात्तीपाइले रोग सङ्क्रमण फैलिरहेको पाइएपछि विशेष अभियानमार्फत औषधि खुवाउन थालिएको हो ।

विश्व स्वास्थ्य सङ्गठन र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जिल्लाका २० पालिकालाई दुई भागमा विभाजन गरेर गत असोजमा हात्तीपाइले रोग सङ्क्रमणको परीक्षण गरेको थियो । परीक्षणका क्रम रोग फैलिने क्रम जारी रहेपछि औषधि सेवन गराउन लागेको हो ।

परीक्षण टोलीले जिल्लाको बलरा नगरपालिका, रामनगर गाउँपालिका, धनकौल गाउँपालिका, बसबरिया गाउँपालिका, चक्रघट्ट गाउँपालिका, गोडैता नगरपालिका, विष्णु गाउँपालिका, कौडेना गाउँपालिका, मलङ्गवा नगरपालिका, ब्रह्मपुरी गाउँपालिका, पर्सा गाउँपालिका र हरिपुर्वा नगरपालिकालाई एउटा समूहमा राखेर परीक्षण गरेको हो ।

टोलीका अनुसार बलरा, चक्रघट्ट र ब्रह्मपुरीबाट लिएको ३०० नमुनामध्ये २८ जनामा हात्तीपाइले सङ्क्रमण पाइएको थियो ।

त्यसमध्ये पनि राति १२ बजे लिएको २८ जनाको नमुनामा पाँच जना सक्रिय सङ्क्रमित फेला परेका स्वास्थ्य कार्यालय मलङ्गवाका हात्तीपाइले रोग नियन्त्रण शाखा संयोजक मनोज झाले जानकारी दिनुभयो । जिल्लाका उत्तरी क्षेत्रका बाँकी आठ पालिकामा भने हात्तीपाइले रोग फैलने क्रम रोकिएको पाइएको छ । "हात्तीपाइलेका नयाँ बिरामी फेला परेका पालिकामा विश्व स्वास्थ्य सङ्गठन र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका चिकित्सक टोलीकै उपस्थितिमा आम औषधि खुवाउने काम भइरहको छ," संयोजक झाले भन्नुभयो ।

"अभियानअन्तर्गत सुरुमा पालिकाका स्वास्थ्यकर्मी र स्वयम्सेविकालाई औषधि खुवाउने तौरतरिकाबारे प्रशिक्षण दिइनेछ, त्यसपछि उहाँहरूलाई घरघरमै पठाएर औषधि खुवाउन लगाउने गरिएको छ । मलङ्गवा नगरपालिकामा माघ ८ गतेदेखि औषधि खुवाउन सुरु गरिसकिएको र अन्य पालिकाहरूमा तालिम चलिरहेको छ," स्वास्थ्य कार्यालय प्रमुख झाले भन्नुभयो । हात्तीपाइलेविरुद्धको औषधि दुई वर्षदेखि माथि उमेरका सबैलाई सेवन गराइने उहाँले बताउनुभयो ।

बाह्र स्थानीय तहका ८० प्रतिशतले हुन आउने चार लाख ३० हजार ९४१ जनालाई औषधि खुवाउने लक्ष्य राखिएको छ । कार्यक्रमअन्तर्गत बुधबार हात्तीपाइले रोग उन्मूलनसम्बन्धी अन्तरक्रिया गरिएको थियो । हात्तीपाइले रोगले शरीरमा गम्भीर क्षति पुऱ्याउने भए पनि समयमै र नियमित औषधि सेवनले यसको रोकथाम गर्न सकिने इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकु काठमाडौँका डा. शशि बडेलले जानकारी दिनुभयो ।

हात्तीपाइले रोगका कारण दीर्घकालीन अपाङ्गता निम्तिन सक्ने जोखिम रहेको र यसका विषयमा आउने अनेकन भ्रमका पछाडि नलागी घरघरमा आउने स्वास्थ्य स्वयम्सेविकासँग औषधि लिएर सेवन गर्न उहाँले आग्रह गर्नुभयो । डा. बडेलले भन्नुभयो, "हामीले केही समय पहिला सर्लाहीका २० पालिकालाई उत्तरी र दक्षिणी गरी दुई भागमा विभाजन गरेर नमुना सङ्कलन गर्ने र परीक्षण गर्ने काम गरेका थियो । त्यस क्रममा जिल्लाको दक्षिणी क्षेत्रका १२ पालिकामा एक दशमलव आठ प्रतिशतसम्म सङ्क्रमण फैलने क्रम पाइयो । त्यसपछि पालिकाहरूमा औषधि खुवाउने अभियान सुरु गरिएको छ ।" डा. बडेलका अनुसार एक प्रतिशतभन्दा धेरैमा सङ्क्रमण फेला पर्नु जोखिम पूर्ण अवस्था मानिन्छ । हात्तीपाइले (फाइलेरिया) रोग क्युलेक्स जातको सङ्क्रमित पोथी लामखुट्टेले मानिसमा सार्ने गर्दछ । यो रोग एक प्रकारको मसिनो धागो आकारको जुका जस्तै परजीवीबाट सङ्क्रमण भएपछि लाग्छ । क्युलेक्स जातको सङ्क्रमित पोथी लामखुट्टेले स्वास्थ्य मानिसलाई टोकेर यी परजीवीहरू मानव शरीरमा प्रवेश गराउने चिकित्सकको भनाइ छ । **रासस**

# हिमपातपछि कोरलानाकाबाट निकासी तथा पैठारी प्रभावित

मुस्ताङ, १६ माघ । मङ्गलबारको भारी हिमपातपछि माथिल्लो मुस्ताङस्थित नेपाल–चीन उत्तरी कोरलानाकाबाट निकासी तथा पैठारी प्रभावित बनेको छ । भारी हिमपातका कारण बुधबारदेखि यस नाकाबाट हुने आयातनिर्यात पूर्णरूपमा ठप्प भएको मुस्ताङ भन्सार कार्यालयले जनाएको छ ।

माथिल्लो मुस्ताङमा मङ्गलबार राति परेको हिमपात तेस्रोपटक हो । यसअघि यस वर्ष दुईपटक हिमपात भइसकेको छ । लोमान्थाङ-२ न्हेचुङछोसेरस्थित भन्सार कार्यालयमा कार्यरत नायबसुब्बा जीवन देवकोटाका अनुसार जोमसोम-कोरला सडकमा दुई फिट बढी बाक्लो हिउँ जमेकाले कोरलानाकाबाट हुने निकासी तथा पैठारी कारोबार ठप्प भएको छ । हिमपातका कारण सडक पूर्ण रूपमा अवरुद्ध हुँदा भन्सार कार्यालयको नियमित कामकाज पनि ठप्प भएको छ ।

चीनतर्फ मालवस्तु पैठारी गर्न गएका एक दर्जन कन्टेनर लोमान्थाङ-२ छोसेरस्थित मुस्ताङ भन्सार कार्यालयमा थन्किएका छन् । कतिपय कन्टेनरको भन्सार जाँचपास भएको र कतिपय कन्टेनरको भन्सार घोषणा हुने क्रममा चिनियाँ भन्सारमा मालवस्तु पैठारी गर्न गएका केही कन्टेनर उतै रोकिएका छन् । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी सन्तोष बस्यालले भारी हिमपातका कारण कागबेनी-कोरला सडक पूर्ण रूपमा अवरुद्ध



रहेकाहरू कागबेनी-कोरला सडक पूर्णरूपमा बन्द रहेकाले गन्तव्यतर्फ प्रस्थान गर्न नसकी रोकिएको नायबसुब्बा देवकोटाको भनाइ छ ।

हिमपातअघि कोरलानाकास्थित रहेको बताउनुभयो । कोरला सडकको करिब ९० किलोमिटर दूरीमा दुई फिट हिउँ जमेर बसेकाले अवरुद्ध सडक सञ्चालन गराउन केही दिन लाग्ने उहाँको अनुमान छ ।

कालीगण्डकी करिडोर बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख तेजस्वी शर्माले हिमपातबाट अवरुद्ध सडकलाई जतिसक्दो छिटो सञ्चालन ल्याउन आयोजना प्रतिबद्ध रहेको र आजदेखि वारागुङ मुक्तिक्षेत्र-३ छुसाङबाट सडकको हिउँ पन्छाउन आवश्यक उपकरण परिचालित गरिने जानकारी दिनुभयो ।

छोसेरस्थित सशस्त्र प्रहरी बल नेपाल (बिओपी) का इन्चार्ज प्रहरी निरीक्षक सुरज श्रेष्ठका अनुसार भारी हिमपातका कारण कोरलानाकामा पाल टाँगेर बसेका स्थानीय व्यापारी पनि घर फर्किएका छन् । हिमपातपछि चिसो अत्यधिक बढेकाले यहाँको जनजीवन कष्टकर बनेको छ । माथिल्लो मुस्ताङमा माइनस २० डिग्री र तल्लो मुस्ताङमा माइनस १२ डिग्रीसम्म तापक्रम छ । चिसो अत्यधिक बढेका कारण पशुचौपाया र पशु गोठालालाई पनि समस्या परेको छ । **रासस**

मजदुर
१७ माघ, २०८२ (31 Jan., 2026)


। सम्पादकीय ।

## देशलाई आत्मनिर्भर बनाउन उद्योग र कारखाना आवश्यक

देशमा जनताका आधारभूत आवश्यकता पूरा गर्न उद्योगहरू खोल्दै जानुपर्छ। कृषि र उद्योगको विकासले जनताको लागि आवश्यक उपभोग्य वस्तु तथा सामग्रीहरू उत्पादन हुन्छ। यसले देशको अर्थतन्त्रलाई बलियो बनाउँछ; देशको रकम बिदेसिँदैन र जनताको जीवन स्तर बढ्छ। उद्योग, कारखाना नभएको देश जहिले पनि परनिर्भर भइरहन्छ। देशमा चालु सरकारी उद्योगधन्दा तथा संस्थानहरू सञ्चालनमा निरन्तरता दिनुपर्छ। जनताको आवश्यकता र मागअनुसार उद्योग र कारखानालाई विस्तार गर्नुपर्छ। चालु उद्योगलाई सञ्चालनमा निरन्तरता दिने, बन्द भएका उद्योगलाई फेरि चलाउने र भएको स्रोत र साधनको आधारमा थप उद्योग सञ्चालन गरेर देशको आवश्यकता पूर्ति गर्नेतर्फ सरकार लाग्नुपर्छ।

देशमा उद्योग सञ्चालन गर्न देशका पुँजीपतिहरूको पनि सहयोग लिन सकिन्छ। देशका व्यापारी, व्यवसायी या पुँजीपतिहरूको लगानीमा पनि सरकारले उद्योग खोल्ने वातावरण तयार गर्नुपर्छ। देशको अर्थतन्त्रलाई बलियो बनाउने आधार उद्योग तथा कलकारखाना सञ्चालन गर्नु नै हो। देशलाई आत्मनिर्भर बनाउन, जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्न उद्योग नखोली सुखै छैन। आवश्यकताअनुसार सामान आपूर्ति गर्न सकिएन भने समाजमा आर्थिक विषमता र विदेशी प्रभाव बढ्दै जानेछ। जब आर्थिक विषमता बढ्दै जान्छ; असन्तोषको स्वर सल्कँदै जान्छ तब देशमा अर्को सङ्कट थप्छ। एकपछि अर्को सङ्कट थप्नु भनेकै सरकारले यथोचित काम गर्न नसक्नु हो।

देशलाई औद्योगिक रूपमा अघि बढाउन सके देशलाई सम्पन्न र आत्मनिर्भर बनाउन सकिन्छ। यसको लागि कृषिसँग सम्बन्धित र कृषि उत्पादनबाट हुने रोजगारमूलक घरेलु तथा स-साना उद्योगको विकासमा पनि प्राथमिकता दिनुपर्छ। उद्योगको विकास र विस्तार गर्न यातायातको बन्दोबस्त हुनुपर्छ। उद्योगलाई निरन्तरता दिन सहुलियतपूर्ण ऋण, कच्चा मालमा भन्सार सहुलियत र बैङ्कको ब्याजमा सुविधा दिनुपर्छ। जडीबुटीको संरक्षण र संवर्द्धन गर्नुपर्छ। जडीबुटीको प्रशोधन र औषधि कारखाना जडीबुटी प्राप्त हुने स्थानमै कल कारखाना खोल्नुपर्छ। देशमा पर्यटन उद्योगको पनि छिट्टै विकास गर्नसक्ने वातावरण छ। देशका विश्व सम्पदाहरूको संरक्षण गरे आकर्षणको केन्द्र मात्र होइन आम्दानीको महत्त्वपूर्ण स्रोत हुनेमा शङ्का छैन। यातायात र हवाई सेवा भएको विभिन्न जिल्लामा पनि पर्यटनको विकास गर्न सकिन्छ।

उद्योगको विकास र विस्तार गर्न बाटोघाटोको पनि बन्दोबस्त हुनुपर्छ। बाटो-घाटो गाउँ-बस्तीमा पुग्नुपर्छ। बाटो, बिजुली र पानीको सुविधाबिना कलकारखाना सञ्चालन गर्न कठिन हुन्छ। दैलेखमा पत्ता लागेको ग्यास प्रयोग गर्ने वातावरण बनाइनुपर्छ। चुन, सिमेन्ट, कागज कारखाना पनि पर्याप्त मात्रा यहीँ सञ्चालन गर्न सकिन्छ। इँटा उत्पादन भइरहेकै छ। फलाम खानीको अनुसन्धान आवश्यक छ। कपडा कारखाना, जुत्ता कारखाना, चिनी कारखाना, जडीबुटी पनि राम्ररी सञ्चालन गर्न सकिन्छ। नुनको खानी भएको पनि बेलाबखत सञ्चारमाध्यममा आइरहेकै हो। अत: आफ्नै देशको बनजङ्गल, खानी र हावापानीमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगलाई प्राथमिकता दिएर प्रक्रिया अघि बढाइनुपर्छ।

तराईमा औद्योगिक खेतीको विकास गर्न सकिन्छ। पुरानो उद्योगलाई निरन्तरता दिने र आवश्यकताअनुसार नयाँ उद्योगहरू खोल्नेतर्फ सरकार लाग्नुपर्छ। नेपाल जडीबुटीको केन्द्र हो; यहाँ जडीबुटीको विकास गर्न सकिन्छ। पानीको भण्डार रहेको नेपालमा पानी बिक्री गरेर पनि आम्दानी गर्न सकिन्छ। ढुङ्गा माटो भएको देशमा रोडामा आत्मनिर्भर बनाउन सकिन्छ। बिजुली बत्ती प्रशस्त निकालेर नेपालीलाई वितरण गरेर बाँकी भएको बिजुली वितरण गर्न सकिन्छ। जुत्ता, कपडा पर्याप्त तयार गर्न सकिन्छ। यी सबै बन्दोबस्तको लागि सरकारले अल्पकालीन र दीर्घकालीन नीति तयार गर्नुपर्छ देशलाई औद्योगिकीकरणतर्फ विकास गर्न सके देश विकाससँगै जनताको जीवन स्तर पनि उठ्नेछ।

# संरा अमेरिकाको साम्राज्य विस्तारविरुद्ध विश्व एक हुँदै

✍ हिमालयश्वर

सन् २०२६ जनवरी ३ मा मध्य राति एक सार्वभौम देश भेनेजुयलामाथिको अमेरिकी आक्रमण संयुक्त बडापत्रको उल्लङ्घन थियो। पुँजीवादी राजनेताहरू मुखले एउटा बोल्ने गर्छन् भने काम ठीक उल्टो गर्छन्। पुँजीवादी नेता कसैले शान्तिको कुरा गर्‍यो भने उसले युद्धको तयारी गरिरहेको छ भन्ने बुझ्नुपर्छ। ट्रम्प एक वर्षअगाडिको चुनावी अभियानमा विश्वमा भइरहेको सबै युद्ध बन्द गर्ने र अमेरिका प्रथम भन्ने प्रतिबद्धताबाट चुनाव जित्न सफल भएका थिए। तर, आज विश्वलाई आतङ्कित पार्दै अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयलामाथि आक्रमण गरी निर्वाचित राष्ट्रपति निकोलस मादुरो र पत्नी सिलिया फ्लोरेसलाई अपहरण गरी अमेरिका पुर्‍याए।

यस्तो आक्रमणले अन्तर्राष्ट्रिय देशहरू विशेषत: ल्याटिन अमेरिका र क्यारिवियाको क्षेत्रमा शान्ति र स्थिरतामाथि गम्भीर खतरा पुर्‍याएको छ। भेनेजुयलामाथिको आक्रमण विशेषत: खनिज, इन्धनजस्ता स्रोत साधनमाथि कब्जा जमाउनु नै अमेरिकाको प्रमुख उद्देश्य हो। अमेरिकी विदेशमन्त्री रुबियोले 'हामी भेनेजुयलाको तेल उद्योगलाई संयुक्त राज्य अमेरिकी देशहरूको नियन्त्रणमा बाहिर जान दिँदैनौँ; पश्चिमा गोलार्द्ध हाम्रो हो' एक टेलिभिजनसँगको कुराकानीमा उल्लेख गरे। यो अमेरिकी भनाइ 'मुनरो' नीतिकै एक शिलशिला हो।

पाँचौँ अमेरिकी राष्ट्रपति मुनरोले प्रतिनिधिसभाको एक भाषणमा उत्तर र दक्षिण अमेरिकाबारे 'अमेरिका अमेरिकीहरूको हो' भनेका थिए। यसको तात्कालीन अवस्थामा उपनिवेश जमाएर बसेका युरोपेली देशहरू दक्षिण अमेरिका छोड्नु भन्ने अर्थ हो। आज अमेरिकी साम्राज्यवाद पुरानै मुनरो नीति आत्मसात गर्दै छ। एक स्वाधीन राष्ट्रमाथिको बर्बर सैनिक आक्रमणको विरोधमा विश्व जनमत एकातिर छ। यो अमेरिकी साम्राज्यवादको एक ध्रुवीय महाशक्ति अन्त्यको सङ्केत पनि हो।

चीनले भेनेजुयलामाथिको आक्रमणको विरोध गर्दै 'ट्रम्प प्रशासन विश्वको प्रहरी नठान्नु र मादुरो दम्पतीलाई तत्काल फिर्ता गर्न' भन्यो। इरानले भेनेजुयलामाथिको आक्रमण अमेरिकी गुण्डागर्दी भनी विरोध गर्‍यो। क्युवाले भेनेजुयलाको जनताको लागि रगत दिन तयार रहेको उल्लेख गर्दै अमेरिकी राज्य आतङ्कको विरोध गर्‍यो। कोलम्बिया र ब्राजिलले 'मादुरो' दम्पती सकुशल तत्काल रिहा गर्न आह्वान गरे। रुस, स्पेन, अर्जेन्टिनाले अमेरिकी बर्बर आक्रमण भनी विरोध गरे। रुसले शान्तिपूर्ण समाधानको लागि मध्यस्थता गर्न तयार रहेको बतायो। संयुक्त राज्य अमेरिकाको कायरतापूर्ण कदमको निन्दा गर्दै भेनेजुयाली राष्ट्रपति निकोलस मादुरो दम्पती तत्काल फिर्ता गर्न निकारागुआले माग गर्‍यो। ब्राजिलले कुनै पनि बहानामा गरिएको भेनेजुयलामाथिको आक्रमण जायज नभएको भनी कडा विरोध गर्‍यो। अमेरिकी जनता स्वयम् सडकमा उत्रेर 'तेलको लागि रगत दिन सक्दनौँ' भनेर भेनेजुयलामाथि आक्रमण बन्द गर्न विरोध प्रदर्शन गरे।

भेनेजुयाली सरकारले संरा अमेरिकी आक्रमणलगत्तै राष्ट्रिय सङ्कटको घोषणा गर्दै भेनेजुयाली भूमि र जनतामाथि संरा अमेरिकाको गम्भीर सैनिक आक्रमणको कडा विरोध गरेको छ। सरकारी वक्तव्यमार्फत देशभक्त सिमोन बोलिभारलगायत नेताहरूको विरासत कायम गर्दै देशको स्वाधीनता रक्षा गर्न देशभर अमेरिकी साम्राज्यवादविरुद्ध प्रत्याक्रमण गर्न आह्वान गरिएको छ। विश्वव्यापी अन्तर्राष्ट्रिय एकताको लागि पनि आग्रह गरिएको छ।

साम्राज्यवादले अन्य निर्धन राष्ट्रहरूको प्राकृतिक स्रोत साधन, भूमिजन्य उत्पादनको साथै भूमिसमेत कब्जा गर्ने गर्दछ। लेनिनले भन्नुभएको थियो, "पुँजीवादको चरम विकास साम्राज्यवाद हो।" प्रथम विश्वयुद्धपछिको विश्व महामन्दीपश्चात् जर्मनमा हिटलरको उदय भयो। हिटलरको फासीवादले छिमेक देशहरूमाथि आक्रमण सुरु गर्‍यो। सन् १९३८ मा जर्मन भाषा बोल्ने बहुमत भएको अस्ट्रिया तथा चेकोस्लाभियाको सुटेन क्षेत्र आफ्नो देशमा गाभियो। सन् १९३८ मा दसौँ लाख सैनिकद्वारा पोल्यान्डमाथि आक्रमण गरी कब्जा गरियो। तत्पश्चात् युरोपको नेदरल्यान्ड, नर्वे, फ्रान्सलगायतका युरोपेली देश कब्जा गरियो। सन् १९३९ मा नै रुससँग आक्रमण सन्धि गरेको जर्मनले सन् १९४३ मा रुसमाथि धावा बोल्यो। यसरी जर्मन, युरोप पश्चिम, एसिया कब्जा गर्न साँढेजस्तै तीव्रगतिमा आक्रामक ढङ्गले अघि बढेपछि विश्वका ठुला शक्तिशाली राष्ट्रहरू हिटलरविरुद्ध एक हुन बाध्य भए। यसै मेसोमा संरा अमेरिका, बेलायत, रुसबिच त्रिपक्षीय संयुक्त मोर्चा बन्यो र जर्मनलाई पराजित गरी सन् १९४५ मा दोस्रो विश्वयुद्ध समाप्त भयो।

आज अमेरिकी साम्राज्यवादको बहुलट्ठी प्रवृत्तिका कारण विश्वका साना राष्ट्रहरूको सार्वभौमिकतामाथि कालो बादल छाएको छ। यसै अवस्थामा अमेरिकी एक ध्रुवीय शक्तिको विरोधमा अन्य शक्ति राष्ट्रहरू तमासे भएर बसे ल्याटिन अमेरिकी राष्ट्र, क्यारेबियन, युरोपेली तथा एसियाका राष्ट्रहरूको समेत सुरक्षित हुने अवस्था देखिँदैन।

सन् १९५१ मा क्युवामा फिडेल क्यास्ट्रोको कम्युनिस्ट क्रान्तिपछि १९६२ मा अमेरिकी राष्ट्रपति जोन एफ. केनेडीले क्युवामाथि आक्रमण गर्न सैनिक बेडा पठाए। रुसका राष्ट्रपति ख्रुश्चेभले आणविक युद्धकै धम्की मोलेर मिसाइलको तैनाथ गरेर क्युवाको सुरक्षा गरे। त्यसपछि रुससँग हुनसक्ने लडाइँबाट अमेरिका पछि हट्यो। सोभियत सङ्घसँग महाशक्ति रहेकै अवस्थामा इजिप्टले सन् १९५६ मा राष्ट्रपति नासेरले स्वेज नहर बेलायत र फ्रान्सबाट मुक्त गराएपछि मौकाको फाइदा उठाउन इजरायल, फ्रान्स र बेलायतले इजिप्टमाथि हमला गरे। रुसले इजिप्टको प्रतिरक्षा गर्दै हमला नरोके बेलायत र फ्रान्सबिच पर्ने इङ्ग्लिस च्यानलमा हाइड्रोजन बम खसालेर दुवै देशलाई पानीमा दुवाई दिने धम्की दियो। अमेरिकाले युद्ध रोक्न आह्वान गरेपछि साम्राज्यवादी तीन देश पछाडि हटे। आज तेस्रो विश्वको लागि लड्न र विश्व व्यवस्था सुरक्षा गर्ने महाशक्तिको अभाव खट्किएको छ। शीत युद्धको अन्त्यसँगै महाशक्ति रुसी महासङ्घ पतनपछि इराकमाथि हमला गरी सद्दाम हुसेन मारियो। सन् २०११ मा लिवियाका राष्ट्रपति कर्णेल गद्दाफि अमेरिकी साम्राज्यवादद्वारा मारियो। आज दुवै देश अस्थिर छन् र त्यहाँको प्राकृतिक स्रोत तेल अमेरिकी र नेटो राष्ट्रहरूका हातमा केन्द्रित छन्। तर, दोस्रो विश्वयुद्धमा फासिस्ट साम्राज्यवादी तानाशाही हिटलर र मुसोलिनी अन्य देशहरूमाथि एकछत्र प्रभुत्व लाद्ने, सैनिक हमला गर्दै कब्जा गर्ने र आफ्नो साम्राज्य विस्तार गर्ने गरिएकै कारण समाप्त भयो। आज अमेरिकी साम्राज्यवादविरुद्ध विश्वका जनता एकढिक्का भएर विरोध गर्दै छन्। ग्रीनल्यान्ड, क्यानाडाजस्ता नेटो राष्ट्रका भूमिमाथि आक्रमण गरी अमेरिकी भूगोल विस्तार गर्ने धम्कीले स्वयम् आफ्ना मित्र युरोपियन देशहरू अमेरिकाविरुद्ध लड्न ग्रीनल्यान्डमा सैनिक तैनाथ गर्न सुरु गरिसकेका छन्। इरान अमेरिकासँग लड्न पूर्ण तयारीका साथ खाडीमा सैनिक तैनाथ गरी सतर्कता साथ बसेको छ। साङ्घाई सहयोग सङ्गठन (एससीओ) को २४ औँ सम्मेलनमा चीनका राष्ट्रपति सी चिनफिङले विश्वव्यापी शासन पहल (ग्लोबल गभर्नेन्स ईनीसीएटीभ) समतामूलक विश्वव्यापी शासन व्यवस्था, विश्वव्यापी सुरक्षा व्यवस्था (जीएसआई) बारे प्रस्ताव अगाडि सारेका थिए। विश्वले यसलाई एकछत्र प्रभुत्व लाद्ने अमेरिकी शक्तिविरुद्धको प्रस्तावको रूपमा लिएको छ। रुस, चीन, उत्तर कोरिया, इरानको ब्रिक्स ग्लोबल साउथको उदयले विश्वको भू-व्यवस्थामा ठुलो परिवर्तन आउने देखिन्छ।



# भदौ २४ को आगजनी : ४० घण्टासम्म शीतल निवास जलिरह्यो, एउटै दमकल गएन निभाउन –१

✍ रुद्र पङ्गेनी र शमशाद अहमद

सङ्घीय राजधानी जलिरहँदा काठमाडौँ महानगरपालिका मातहतका दमकल स्टेसनभित्र 'माथिको आदेश' कुरेर बसिरहेका थिए। दमकल निकाल्न रोक्ने त्यो 'माथिको आदेश' कसको थियो ?

भदौ २४ गते दिउँसो तीन बजेतिर राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा सदर गरेलगत्तै राष्ट्रपति कार्यालय शीतल निवासमा तोडफोड सुरू भयो। त्यसको केही बेरमै त्यहाँ लगाइएको आगो २६ गते बिहानसम्म पनि बलिरहेको थियो।

राष्ट्रपति कार्यालय जल्दा डेढ दशकअघि कार्यालय स्थापना भएयताका महत्त्वपूर्ण दस्ताबेज, राजदूतहरूले बुझाएका ओहोदाका प्रमाणपत्र, औपचारिक भेटघाटका लागि सजिसजाउ बैठक, सुरक्षा नियन्त्रण कक्ष र शीतल निवासमा परराष्ट्र मन्त्रालय बसेको बेलादेखिका ऐतिहासिक कलाकृति, विदेशी राजनेता-पाहुनाले दिएका उपहार सबै जलेर खरानी भए।

भदौ २४ र त्यसपछिका दुई दिनभित्र राज्यका तीन प्रमुख अङ्ग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका बसेका सिंहदरबार, सर्वोच्च अदालत र संसद् भवन अर्थात् नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रजस्ता महत्त्वपूर्ण राजकीय संरचना, कैयौँ महत्त्वपूर्ण अभिलेख तथा सामग्रीहरू खरानी भइसकेका थिए। विद्रोहको बहानामा प्रमुख राजकीय संरचनालाई एकै घानमा आगजनी गरिएको त्यो क्षण जनताको करबाट किनिएका दमकलहरू र तलबभत्ता बुझ्ने दमकल सञ्चालक संस्थाका पदाधिकारी, कर्मचारी तथा अग्निनियन्त्रकहरू कहाँ के गर्दै थिए ? यसबारे हिमालखबरले सोधखोज गरेको छ, विशेषगरी सूचनाको हकको अधिकार प्रयोग गर्दै।

**प्राथमिकतामा परेनन् राष्ट्रपति**

२४ गते राति १० बजेदेखि नेपाली सेना परिचालन भएको थियो। उसकै खटनपटनमा दमकलहरू आगो निभाउन स्टेसनबाट निस्केका थिए। उपत्यकामा सेनाका आफ्नै तीन वटा दमकल छन्। तर आफ्नै परमाधिपतिको कार्यालयको आगो निभाउन सेनाले तिनको परिचालन गरेन। आफ्ना दमकलले नभ्याए उपत्यकामा काठमाडौँ महानगरका पाँच र अन्य निकायका दमकलहरूसमेत लगेर आगो निभाउन सक्थ्यो। तर ४०/४० घण्टासम्म राष्ट्रप्रमुखको कार्यालय जलिरहँदा पनि आगो निभाउन सेनाका




आफ्नै वा अन्य कुनै निकायका दमकल नगएको तथ्य फेला परेको छ।

यो तथ्य पत्ता लगाउन हामीले उपत्यकामा दमकल सञ्चालन गर्ने नेपाली सेना, काठमाडौँ महानगरपालिका अन्तर्गतका तीन दमकल स्टेसन, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, ललितपुर महानगरपालिका, जुद्ध बारुणयन्त्र कार्यालय, भक्तपुर र बूढानीलकण्ठ नगरपालिकाका दमकल सञ्चालनको लगबुकको अध्ययन गर्यौँ। नेपाल प्रहरी, कागेश्वरी-मनोहरा नगरपालिका, नागार्जुन नगरपालिकाका दमकल सञ्चालनमा रहे/नरहेकोबारे सोधपुछ गर्यौँ। त्यसपछि हामी निष्कर्षमा पुग्यौँ: राष्ट्रपति कार्यालयमा ४० घण्टासम्म आगो बलिरहँदा पनि त्यहाँ कुनै दमकल आगो निभाउन पुगेन।

यस कुरालाई थप पुष्टि गर्न हामीले राष्ट्रपति कार्यालयका उच्च तहका कर्मचारीसँग पनि कुराकानी गर्यौँ। मिडियामा आधिकारिक तवरमा बोल्न नचाहेका ती कर्मचारीले कार्यालयमा राष्ट्रपतिले विदेशी पाहुना भेट्ने बैठक कक्षको उत्तरपट्टि २६ गते बिहानसम्म आगो बलिरहेको जानकारी दिए। "म २५ गतेदेखि नै कार्यालय गएको थिएँ। आगो बलिरहेको थियो। कोही अपरेसनमा थिएनन्। अब एउटा कोठा बचाएर के नै होला, कति नै जोगिएला र भन्ने लाग्यो," उनको भनाइ थियो।

राष्ट्रपति कार्यालयको सुरक्षार्थ सहायक रथीको नेतृत्वमा सेनाको करीब २५० जनाको एक टुकडी त्यहाँ तैनाथ छ। आगलागी भइरहँदा पनि नेपाली सेना राष्ट्रपति कार्यालय परिसरमै भएको विभिन्न भिडियो फुटेजमा देखिन्छ। २४ गते राति १० बजे सेना सडकमा आएदेखि आगो बलिरहेको देखिएको अन्तिम समय २६ गते बिहानसम्म पनि राष्ट्रपति कार्यालयमा सेनाले नै पहरा दिइरहेको थियो। तैपनि राष्ट्रपतिको कार्यालय बेवारिसे भएर जलिरह्यो। हामीले राष्ट्रपति कार्यालयका सूचना अधिकृत अर्चना खड्का अधिकारीसँग कुन दमकलले आगो निभाएको थियो भनेर लिखित सूचना माग गर्दा उनी 'कार्की जाँचबुझ आयोगले यसबारे अध्ययन गरिरहेको' भनेर पन्छिन खोजिन्।

राष्ट्रपतिको कार्यालय काठमाडौँ महानगरपालिका, वडा नम्बर-३ मा पर्छ। उक्त वडाका सदस्य केशवप्रसाद श्रेष्ठको घर राष्ट्रपति कार्यालयको ठीक दक्षिणपट्टि बाटोपारि नै छ। पुस ९ गते हिमालखबरसँगको कुराकानीमा श्रेष्ठले भने, "२५ गते दिनभर पनि कार्यालय जलिरहेको देखेको थिएँ। त्यतिबेला हामी पनि त्रस्त थियौँ। घरमै बसेका थियौँ। दमकल आएको देखिन। दमकललाई स्टेसनबाट बाहिर निस्किन दिइएको छैन भन्ने सूचना पाइसकेका थियौँ। अर्कोदिन जलिसक्यो भनेर हामीले पनि केही गरेनौँ।" श्रेष्ठले २४ गते आगलागीपछि पनि राष्ट्रपतिको कार्यालय परिसरमा सेना तैनाथ रहेको देखेका थिए। केशवप्रसादजस्तै राष्ट्रपति कार्यालयको मूलद्वारको पारिपट्टि घर भएका अकलमान श्रेष्ठले पनि राष्ट्रपति कार्यालयमा २४ गतेदेखि दिनभरि र रातभरि आगो लागेको तर कुनै दिन पनि दमकल नदेखेको दाबी गरे।

राष्ट्रपति कार्यालयबाट नजिकै बाटोपारि छ, कामनपाको ३ नम्बर वडा कार्यालय। हामीले वडाध्यक्ष प्रेम थापालाई राष्ट्रपति कार्यालयको आगो निभाउन महानगरको दमकल किन आएन भनेर प्रश्न गर्दा उनले 'सुरूमा त दमकल आएको' बताए तर महानगरले हामीलाई उपलब्ध गराएको 'लगबुक' नै देखाएपछि विपद् व्यवस्थापन विभागसँग सोधेर जवाफ दिन्छु भनेर तर्किए। त्यसपछि पटक-पटक फोन गर्दा पनि सम्पर्कमा आउन चाहेनन्। हामीले राष्ट्रपति कार्यालयका प्रवक्ता रितेश शाक्यलाई इमेलमा दमकल बोलाएर किन आगो निभाउन नलगाउनुभएको भनेर सोध्यौँ, तर इमेल प्राप्त गरेको स्वीकार गरेका उनले जवाफ नै दिएनन्।

त्यसपछि हामीले भदौ २४ गते राति १० बजे सेना परिचालित भइसकेपछि पनि किन राष्ट्रपति कार्यालयको आगो निभाउनुभएन भन्नेसहित आठ वटा प्रश्न सोधेर नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतलाई इमेल पठायौँ। उनले जवाफमा दमकलले आगो निभाएको हो/होइन भन्ने नखुलाई 'शीतल निवासको आगलागी छिटोभन्दा छिटो नियन्त्रणमा लिई राष्ट्रपति निवासलाई सुरक्षित राखिएको' बताए। प्रवक्ताको लिखित जवाफमा बिनादमकल कसरी आगो नियन्त्रण गरियो भन्नेबारे केही खुल्दैन।



परमाधिपतिको कार्यालयमात्र नभई नेपाली सेनाको मुख्यालय नजिकैका सिंहदरबार, सर्वोच्च अदालत र संसद् भवन पनि आगोबाट जोगाउन नगएको भन्ने आरोप लागेपछि, नेपाली सेनाले घटनाको महिना दिन नाघिसकेपछि असोज ३१ गते पत्रकार सम्मेलन गरेर '२५ गते बिहान आठ-नौ बजेतिर अधिकांश ठाउँमा लागेको आगो निभाइएको' दाबी गर्यो। तर त्यस विपरीत रेडियो नेपालको २६ गते बेलुकी ७:०० बजेको समाचार बुलेटिनमा सिंहदरबारको मुख्य भवनमा आगो बलिरहेको कुरा प्रसारण भएको थियो।

हामीले २६ गते साँझसम्म सिंहदरबार जलिरहेको समाचार दिने रेडियो नेपाल र वरपरका कार्यालयका कर्मचारीहरूसँग पनि कुरा गर्यौँ। सबैले महानगर र नेपाली सेनाका दमकल सिंहदरबार र सर्वोच्च अदालतमा आगो निभाउन जाँदै-फर्किँदै गरेका भेटिए पनि सेनाले दाबी गरे जस्तो २५ गते बिहान आठ-नौ बजेतिर त्यहाँको आगो निभिसकेको थिएन। रेडियो नेपाल सिंहदरबारको मुख्य भवनको दक्षिणपट्टि छेउमै छ। २४ गते बिहानदेखि २५ गते साँझ पाँच बजेसम्म रेडियो नेपालको गेटमा निरन्तर सुरक्षा दिइरहेका नारायणबाबु श्रेष्ठले केही दमकलले २४ गते राति केहीबेर आगो निभाउने काम गरिराखेको देखेको बताए। "तर त्यसपछि भोलिपल्ट साँझ पाँच बजेसम्म म यहीँ ड्युटीमै थिएँ, एउटै पनि दमकल आएको देखिनँ," उनी भन्छन्। उनीबाहेक रेडियो नेपालका केही पत्रकारसहित छ जना कर्मचारीले पनि २५ गते दिनभरि नै सिंहदरबारमा आगो बलिराख्दाखेरि दमकल नदेखेको बताए। २४ गते बेलुका खुमलटार स्टेसनबाट सञ्चालन भएको रेडियो नेपाल २५ गते सिंहदरबारबाटै सञ्चालन भएको थियो र सबै कर्मचारी काममा आइसकेका थिए।

सेनाले २५ गते बिहानसम्म सबैतिर आगो निभिसक्यो भनेर किन भ्रामक जानकारी दिएको भनी प्रश्न गर्दा नेपाली सेनाले हिमालखबरलाई दिएको जवाफमा 'दमकलको प्रयोगले आगो पूर्ण नियन्त्रणमा आउन कठिन हुनुका साथै बाहिरबाट नियन्त्रण भएको आगो पुन: हावाको बेगसँगै सल्कने गरेको देखिएको' भन्ने लेखेको छ।

**कहाँ थिए दमकल ?**

भदौ २४ मा ललितपुर महानगरपालिकाका चार दमकल दिनभरि महानगरभित्र आगो निभाउन दौडिएका र कतै अवरोध हुँदा जावलाखेल स्टेसन फर्किएर नयाँ सूचना पाउनासाथ अर्को ठाउँमा आगो नियन्त्रण गर्न पुगिरहेका थिए। त्यस क्रममा करीब चार बजेतिर जावलाखेल चोकमा एउटा समूहले ललितपुरको दमकल (बा १ क ९५१३) नै जलाइदियो। ललितपुरका दमकलहरू आगजनीको सामना गर्न व्यस्त भइरहँदा काठमाडौँ महानगरपालिकाका न्यु रोड, बौद्ध, रामहिटी र बालाजु स्टेसनका पाँच वटा दमकल भने 'सुरक्षा नभएको' र 'आदेश नपाएको' कारण देखाउँदै भदौ २४ को बेलुकी आठ बजेसम्म बाहिर निस्केनन्। दिउँसो डेढ बजेदेखि सिंहदरबार र त्यस लगत्तै सर्वोच्च अदालतमा आगो लगाइएको थियो। तर, त्यहाँबाट डेढ किलोमिटर मात्र पर भएका जुद्ध बारुणयन्त्र, न्यु रोड स्टेसनका दमकल राति सवा आठ बजेपछि मात्रै सिंहदरबार गए।

सिंहदरबारको कुरा छोडौँ, न्युरोडस्थित दमकल स्टेसनबाट ५० मिटर परको विशालबजारमा रहेको जनसेवा प्रहरी वृत्त जलिरहँदा पनि दमकल बाहिर निस्केनन्। स्थानीय बासिन्दा र विशालबजारका सुरक्षाकर्मीहरूका अनुसार, दमकलका कर्मचारी 'आदेश छैन', 'सुरक्षा छैन' भन्दै गेटसमेत नखोली बसिरहे। घनाबस्तीमा आगो फैलिने त्रासले स्थानीयहरू रोइकराइ गरेपछि मात्रै बेलुकी आठ बजेतिर जनसेवा प्रहरी वृत्तमा दमकल गएको थियो। महानगरपालिकाले हामीलाई दिएको लगबुक विवरणमा बेलुकी ७:५५ मा एउटा दमकल प्रहरी वृत्तमा गएको देखिन्छ। दमकल स्टेसनले ५० मिटर परको आगो पनि बेलैमा निभाउन नखोज्नुलाई सम्पदा संरक्षण अभियन्ता गणपतिलाल श्रेष्ठ महानगरको 'दमकल ननिकाल्ने अघोषित कार्य' भनी टिप्पणी गर्छन्।

नेपाली सेनाको सुरक्षामा न्युरोडको दोस्रो दमकल र बालाजु औद्योगिक क्षेत्रका दुईमध्ये एक दमकल बेलुकी सवा आठ बजे सँगसँगैजसो सिंहदरबार गएको लगबुक तथ्याङ्कले देखाउँछ। ती दमकलले आगो निभाइरहेकै बेला नौ बजे जङ्गी अड्डामा प्रधानसेनापति अशोकराज सिग्देल राष्ट्रका नाममा सम्बोधन गर्दै थिए। उनले जनधनको सुरक्षार्थ १०:०० बजे नेपाली सेना परिचालन हुने घोषणा गरे, तर सहर बलिरहेको बेलामा आगो निभाउने कुनै सूचना, योजना वा निर्देशनबारे केही बोलेनन्।

उता सडकमा सेना नआइपुग्दै सिंहदरबारको आगो निभाइरहेका दुई दमकल जलिरहेको सिंहदरबार अलपत्र छाडेर अन्यत्रै हिँडे। त्यसमध्ये न्युरोडको दमकल १ घण्टा १५ मिनेट र बालाजुको दमकल ४ घण्टा कहाँ गएर बसे लगबुक रेकर्डमा भेटिँदैन। ती दमकल एकैचोटि २५ गते बिहान पौने दुई बजे फेरि सिंहदरबार आइपुग्छन् र रामहिटीबाट आएको थप एउटा समेत गरी तीन वटा दमकल त्यहाँ सवा घण्टा जति काम गरेर पुन: बाहिर निस्कन्छन्।

२५ गते बिहान तीन बजे सिंहदरबारबाट हिँडेका न्युरोड, बालाजु र रामहिटीका दमकल त्यसपछि पाँच घण्टा र सोभन्दा बढी समय कामविहीन बसेको महानगरको लगबुकले देखाउँछ। यस्तो अवस्थामा आगो निभाउने काममा लागिसकेका दमकल जलिरहेको ठाउँ त्यत्तिकै छाडेर अन्यत्र जानै नसक्ने सेवानिवृत्त अग्निनियन्त्रक विश्वराम थापाको भनाइ छ। उनी भन्छन्, "त्यस्तो भएको हो भने किन भयो भनेर सम्बन्धित निकायले बताउन सक्नुपर्छ।"

काठमाडौँ महानगरपालिकाको लगबुक हेर्दा महानगरका पाँच दमकल २४ गते बेलुकी आठ बजेदेखि राति १२ बजेसम्म अर्थात् चार घण्टा चल्न सक्ने समयको गणना गर्दा कुल २० घण्टा चलेको हुनुपर्ने हो। तर, लगबुक तथ्याङ्कले ६ घण्टा २५ मिनेट खाली बसेको देखाउँछ। यसैगरी २५ गते पाँच वटा दमकलको कुल उपलब्ध समय १२० घण्टामा ५६ घण्टा अर्थात् झण्डै आधा समय र २६ गते पनि १२० घण्टामा ७८ घण्टा अर्थात् ६५ प्रतिशत समय कामै नगरी खाली बसेका देखिन्छन्।

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र साहको विश्वासपात्र तथा नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले २ असोजमा गरेको पत्रकार सम्मेलन र २१ असोजमा मेयर साह स्वयंले लेखेको ९५० शब्दको फेसबूक स्ट्याटसमा दमकल सञ्चालनमा भदौ २४ गते दिउँसोको समयमा शान्ति सुरक्षाबाहेक अन्य कुनै समस्या नआएको र त्यसपछि महानगरको ४४ जनाको अग्निनियन्त्रक टीमले रातदिन नभनी तीन सिफ्टमा काम गरेको दाबी गरिएको थियो। दुवैको वक्तव्यमा सेना परिचालन भइसकेपछि दमकल चल्न कुनै समस्या भएको कुरा उल्लेख थिएन।

दमकल सञ्चालनबारे देखिएका माथि भनिए जस्ता गम्भीर तथ्यहरूसहित हामीले महानगरका प्रमुख बालेन्द्र साह र सहप्रवक्ता ध्रुव काफ्लेलाई इमेल पठाएर १४ वटा प्रश्न सोधेका थियौँ। उनीहरूले ती प्रश्नहरूको छुट्टाछुट्टै उत्तर नदिई 'प्रतिकार्यमा देखिएका समस्याहरू' शीर्षकमा शान्ति सुरक्षा नभएको, धेरै ठाउँबाट एकैचोटि फरक-फरक ठाउँका लागि दमकल पठाउन निर्देशन आएको, पर्याप्त पानी नभएको, अग्निनियन्त्रक र दमकल चालकको कमी भएको, व्यक्तिगत सुरक्षात्मक सामग्रीहरू (पीपीई)को अभाव भएको, लामो समय काम गर्दा दमकलमा यान्त्रिक समस्या आएको र कर्मचारीहरू थाकेका जस्ता विवरण पठाएका थिए।

महानगरलाई हामीले भदौ २४ गते राति १० बजेपछि निरन्तर कर्फ्यु लागेको अवस्थामा पनि किन दमकल खाली राखियो भनेर प्रश्न गर्दा 'दमकल सञ्चालनमा शान्ति सुरक्षाको अभाव भएको' भन्ने जवाफ दिएको छ। यस्तै प्रश्न उपत्यकाको दमकल सञ्चालनमा समन्वयकारी भूमिका निर्वाह गरेको बताउने नेपाली सेनासँग राख्दा उसले जवाफ दिएको छ, "महानगरलगायत दमकल सञ्चालन गर्ने निकायहरूसँग आवश्यकताअनुसार समन्वय गरी सम्बन्धित निकायकै चालकबाट दमकल सञ्चालन भएको र सोको लागि नेपाली सेनाले सडकहरूमा रहेको अवरोधसमेत हटाउने कार्य गर्यो।"

**खरानी भइसकेपछि दमकल**

बालाजु प्रहरी वृत्तमा २४ गते दिउँसो लगाइएको आगो रातभरि बलिरह्यो। करीब ३०० मिटर पर बालाजु औद्योगिक क्षेत्रको गेटमै भएको महानगरको दमकल स्टेसनको एउटा दमकल बेलुकी आठ बजे सिंहदरबार गएको थियो भने अर्को ग्यारेजमै थियो। राति १० बजे सेना सडकमा निस्केपछि दिउँसो महानगरले देखाएको 'सडक अवरोध' पनि थिएन। तर त्यहाँको दमकल प्रहरी वृत्तको आगो निभाउन नगई तीन घण्टा त्यसै बसिरह्यो।

बालाजु र रामहिटीका एक-एक दमकल राति ११.०० बजे नयाँ बसपार्कको लोत्से मलमा आगो निभाउन गए। बालाजु दमकलका कमान्डर इन्स्पेक्टर बलराम तिमिल्सिनाले 'मानवीय क्षति भएको भन्ने सूचनाका आधारमा दमकल त्यहाँ गएको' जवाफ दिए। हामीले लोत्से मलमा जानुअघि किन प्रहरी वृत्तको आगो निभाउन नगएको भनेर प्रश्न गर्दा उनले स्पष्ट जवाफ दिन सकेनन्। बालाजु प्रहरी वृत्तको आगो निभाउन त्यहाँको दमकल भोलिपल्ट (२५ गते) अपरान्ह साढे तीन बजे मात्र गयो। स्थानीयका अनुसार, त्यस बेलासम्म वृत्त जलिसकेको थियो।

तीन वर्षपहिले दमकल सेवा पाँच मिनेटभित्रै घटनास्थल पुग्ने र कुनै एक ठाउँको दमकल निस्किन नसके वा नमिले अर्को ठाउँको दमकलले सेवा दिने लक्ष्य राखेर जुद्ध बारुणयन्त्रको न्यु रोड स्टेसनलाई विस्तार गरी बालाजु र रामहिटीमा एक-एक स्टेसन थपिएका थिए। "तर यस पटक स्टेसन थपेर पनि काम लागेन। बालाजु प्रहरी वृत्त जल्यो, तर नजिकैको दमकल समयमा आगो निभाउन निस्किएन," अभियन्ता गणपतिलाल श्रेष्ठले भने।

*हिमालखबर डटकमबाट*



भेनेजुयलाको राजधानी काराकसमा आयोजित एक मजदुर ऱ्यालीमा देशको एक सदनात्मक संसद् राष्ट्रिय सभाले पारित गरेको पेट्रोलियमसम्बन्धी नयाँ ऐन देखाउँदै राष्ट्रियसभाका अध्यक्ष जर्ज रोड्रिगेज जनवरी २९,२०२६ का दिन । नयाँ ऐनले तेल उत्खनन र प्रशोधनमा निजी क्षेत्रको भूमिकालाई वृद्धि गरेको छ र त्यसबाट संरा अमेरिकासितको टकराव कम भई नाकाबन्दी खुकुलो हुने अपेक्षा गरिएको छ । *तस्बिर :एपी/एरियाना क्युबिलोस*

# क्यानाडालाई विमानमा ५० प्रतिशत कर लगाउने ट्रम्पको चेतावनी

वासिङ्टन, १६ माघ (एपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार क्यानाडालाई अमेरिकामा बिक्री हुने कुनै पनि विमानमा ५० प्रतिशत कर लगाउने चेतावनी दिएका छन् । क्यानाडाले जर्जियास्थित गल्फस्ट्रीम एयरोस्पेसका जेट विमानलाई प्रमाणीकरण गर्न अस्वीकार गरेको आरोप लगाउँदै ट्रम्पले बदला स्वरूप यस्तो कदम चाल्न सकिने बताएका छन् ।

सामाजिक सञ्जालमा गरिएको पोस्टमा ट्रम्पले क्यानाडाले आफ्नो निर्णय तुरुन्त सच्याएन भने अमेरिकामा बेचिने सबै क्यानाडाली विमानमा उच्च कर लगाइने उल्लेख गरेका छन् । उनले बोम्बार्डियरका ग्लोबल एक्सप्रेस व्यापारिक जेटहरूको प्रमाणपत्र रद्द गर्ने प्रक्रिया अघि बढाइएको दाबी पनि गरे । उड्डयन विश्लेषण कम्पनी सिरियमका अनुसार हाल अमेरिकामा दर्ता भएर सञ्चालनमा रहेका करिब १५० ग्लोबल एक्सप्रेस विमान छन् ।

बोम्बार्डियर र गल्फस्ट्रीम व्यापारिक जेट बजारका प्रत्यक्ष प्रतिस्पर्धी हुन् । बोम्बार्डियरले विज्ञप्ति जारी गर्दै राष्ट्रपति ट्रम्पको अभिव्यक्तिलाई गम्भीर रूपमा लिएको र क्यानाडा सरकारसँग निरन्तर सम्पर्कमा रहेको जनाएको छ । कम्पनीले आफ्ना सबै विमान अमेरिकी सङ्घीय उड्डयन प्रशासनका मापदण्डअनुसार पूर्णरूपमा प्रमाणित रहेको र अमेरिकामा आफ्नो सञ्चालन विस्तार भइरहेको स्पष्ट पारेको छ ।

क्यानाडा सरकारका प्रवक्ताहरूले यस विषयमा तत्काल प्रतिक्रिया दिएका छैनन् । तर, म्याकगिल विश्वविद्यालयका उड्डयन विज्ञ जोन ग्रेडेकले प्रमाणीकरण सुरक्षा विषयसँग सम्बन्धित हुने र व्यापारिक कारणले प्रमाणपत्र रद्द गर्नु अभूतपूर्व हुने बताउनुभएको छ । उहाँका अनुसार व्यापार युद्धको सन्दर्भमा यो कदम चरम दबाबको नयाँ सङ्केत हुनसक्छ ।

यसअघि सन् २०१७ मा पहिलो ट्रम्प प्रशासनका बेला अमेरिकी वाणिज्य मन्त्रालयले बोम्बार्डियरमाथि अनुचित सरकारी अनुदानको आरोप लगाउँदै शुल्क लगाएको थियो । तर, पछि अमेरिकी अन्तर्राष्ट्रिय व्यापार आयोगले क्यानाडाली कम्पनीले अमेरिकी उद्योगलाई क्षति नपुऱ्याएको ठहर गरेको थियो ।

विश्लेषकहरूका अनुसार यदि अमेरिकी बजार बोम्बार्डियरका लागि बन्द भयो भने क्युबेकस्थित यस कम्पनीलाई ठूलो आर्थिक झट्का पुग्नेछ । क्यानाडाका अन्य विमान निर्माता तथा क्यानाडामा उत्पादन हुने एयरबसका परियोजनामा समेत यसको प्रभाव पर्न सक्ने अनुमान गरिएको छ ।

# अमेरिकी सरकार सटडाउनतर्फ

वासिङ्टन, १६ माघ (एएफपी) । अमेरिकी सिनेटले सरकारी खर्चसम्बन्धी महत्त्वपूर्ण मतदान अवरुद्ध गरेपछि सङ्घीय सरकार आंशिक रूपमा बन्द हुने सम्भावना बढेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको कडा आप्रवासन नीतिलाई लिएर ह्वाइट हाउस र सिनेट डेमोक्रेटबिच बढेको गतिरोधका कारण शनिबार मध्यरातपछि सटडाउन सुरु हुने देखिएको हो ।

असफल मतदानका कारण सङ्घीय सरकारको तीन चौथाइभन्दा बढी खर्च धान्ने छ-बिल खर्च प्याकेज रोकिएको छ । संशोधित प्याकेजमा फेरि मतदान गर्ने तयारी भए पनि त्यसलाई हाउस अफ रिप्रेजेन्टेटिभ्सले पनि पारित गर्नुपर्नेछ, तर हाउस अफ रिप्रेजेन्टेटिभ्स सोमबारसम्म विश्राममा रहने भएकाले समयसीमा नाघ्ने निश्चित जस्तै भएको छ । ट्रम्पले पद सम्हालेपछि यो दोस्रो सरकारी सटडाउन हुनेछ । यद्यपि, अघिल्लो पटकको ४३ दिन लामो बन्दको तुलनामा यसपटक छोटो हुने अपेक्षा गरिएको छ ।

डेमोक्रेटहरूले गृह मन्त्रालयलका लागि छुट्टै कोष व्यवस्था र आप्रवासन तथा भन्सार कार्यान्वयन निकाय आईसीईको कार्यशैलीमा कडा सर्त राख्ने माग गर्दै आएका छन् । सिनेटका डेमोक्रेट नेता चक शुमरले आईसीईको गतिविधिलाई राज्यद्वारा स्वीकृत ठगीको संज्ञा दिँदै कङ्ग्रेससँग त्यसलाई रोक्ने नैतिक दायित्व रहेको बताएका छन् ।

पछि शुमरले ह्वाइट हाउसले अस्थायी ढाँचामा सहमति जनाएको जानकारी दिए, तर अमेरिकी सञ्चारमाध्यमहरूले मतदान शुक्रबारसम्म ढिलाइ भएको जनाएका छन् । ट्रम्पले सामाजिक सञ्जालमार्फत द्विदलीय समर्थन जुटाउन आह्वान गर्दै सम्झौतालाई समर्थन गर्न आग्रह गरेका छन् ।

यदि सटडाउन लम्बियो भने लाखौँ सङ्घीय कर्मचारी बिदामा जाने वा तलबबिना काम गर्नुपर्ने अवस्था आउन सक्छ, जसको असर वासिङ्टन बाहिरसम्म फैलिन सक्नेछ ।

यस विवादलाई आप्रवासन प्रवर्तनसँग जोडिएका हालैका हिंसात्मक घटनाले थप चर्काएको छ । मिनियापोलिसमा ट्रम्प प्रशासनको निर्वासन अपरेसन अनुगमन गरिरहेका एक नर्सको सङ्घीय एजेन्टद्वारा गोली हानी हत्या भएपछि कङ्ग्रेसमा बहस तीव्र बनेको छ ।

डेमोक्रेटहरूले रक्षा, स्वास्थ्य, शिक्षा र यातायातलगायतका अन्य खर्च बिलहरू तुरुन्त पारित गर्न तयार रहेको बताएका छन् । तर, उनीहरूले आईसीईका गस्ती, वारेन्ट प्रक्रिया, बल प्रयोगका नियम, शरीर क्यामेरा र पहिचानसम्बन्धी व्यवस्था कडा बनाउन डिएचएस बिल पुनर्लेखनको माग गरेका छन् ।

ह्वाइट हाउसको प्रस्तावले भने गृह मन्त्रालयलाई सटडाउन टार्न दुई हप्ताको समय दिने मात्र व्यवस्था गरेको छ । सांसदहरूले डिएचएस कोषमा अवरोध आए विशेषगरी देशभर कठोर जाडो मौसम फैलिँदै गएको बेला आपत्कालीन व्यवस्थापन एजेन्सीजस्ता निकायहरू प्रभावित हुनसक्ने चेतावनी दिएका छन् ।

# म्यान्माको चुनावलाई आसियानले मान्यता दिएन

सेबु (फिलिपिन्स), १६ माघ ( एपी) । दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान) ले म्यान्मामा हालै सम्पन्न चुनावलाई मान्यता नदिने स्पष्ट पारेको छ । सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेपछि सम्पन्न यो पहिलो चुनाव सेना समर्थित दलले जितेको दाबी गरे पनि आसियानले त्यसलाई स्वीकार नगर्ने फिलिपिन्सका विदेशमन्त्री थेरेसा लाजारोले बिहीबार बताउनुभएको हो ।

यो निर्णय म्यान्माका सैन्य शासकहरूका लागि अन्तर्राष्ट्रिय मान्यता खोज्ने प्रयासमा ठूलो झट्का मानिएको छ । आसियानले सत्ता कब्जापछि सैन्य शासनलाई औपचारिकरूपमा मान्यता दिन अस्वीकार गर्दै आएको छ, । सत्ता कब्जापछि म्यान्मा घातक गृहयुद्ध र गहिरो राजनीतिक सङ्कटमा फसेको छ ।

म्यान्माको चुनावलाई मान्यता दिने कि नदिने भन्ने प्रश्नमा लाजारोले अहिलेको अवस्थामा समर्थन नरहेको स्पष्ट पार्नुभएको छ । उहाँले यस वर्ष आसियानको पहिलो मन्त्रिस्तरीय बैठकपछि बोल्दै क्षेत्रीय समूहले तीन चरणमा गरिएको चुनावलाई अनुमोदन नगरेको जानकारी दिनुभयो । म्यान्मा सङ्कट बैठकको प्रमुख एजेन्डामध्ये एक थियो ।

म्यान्माको सेना समर्थित युनियन सोलिडेरिटी एन्ड डेभलपमेन्ट पार्टीले चुनाव जितेको दाबी गरेको छ । तर, प्रमुख विपक्षी दलहरूलाई बहिष्कार गरिएको र असहमतिको कडा दमन गरिएको अवस्थामा भएको मतदान स्वतन्त्र र निष्पक्ष नभएको आलोचकहरूको भनाइ छ । संसद्का एक चौथाइ सिट स्वत: सेनाका लागि आरक्षित गरिनुले सैन्य नियन्त्रण सुनिश्चित गरिएको बताइन्छ ।

सिङ्गापुरका विदेशमन्त्री भिभियन बालाकृष्णनले अर्थपूर्ण राजनीतिक प्रगतिका लागि हिंसा अन्त्य, समावेशी संवाद र सबै पक्षको सहभागिता आवश्यक हुने बताउनुभएको छ ।

यस वर्ष आसियानको घुम्ती अध्यक्षता फिलिपिन्सले सम्हालेको छ । सदस्य राष्ट्रहरूबिच आन्तरिक द्वन्द्व, सीमा विवाद र क्षेत्रीय तनाव कायमै रहेका बेला म्यान्माको विषयले समूहको एकतामाथि थप चुनौती सिर्जना गरेको विश्लेषण गरिएको छ ।

# युक्रेनको परमाणु सुरक्षाबारे अन्तर्राष्ट्रिय निकायको बैठक

भियना, १६ माघ (एएफपी) । युक्रेनमा देखिएको परमाणु सुरक्षासम्बन्धी जोखिमबारे छलफल गर्न संयुक्त राष्ट्रसङ्घअन्तर्गतको अन्तर्राष्ट्रिय परमाणु ऊर्जा नियमन निकायको शासक बोर्डले शुक्रबार बैठक बस्ने भएको छ ।

रुसले युक्रेनमाथि आक्रमण सुरु गरेयता त्यहाँको ऊर्जा संरचना पटक-पटक क्षतिग्रस्त हुँदै आएको छ । यसले युक्रेनका परमाणु विद्युत् उत्पादन केन्द्रहरूमा आवश्यक विद्युत् आपूर्तिमा समस्या सिर्जना गरेको छ र सम्भावित परमाणु दुर्घटनाको चिन्ता बढाएको छ ।

यस अवस्थाप्रति चिन्ता जनाउँदै नेदरल्यान्ड्सको नेतृत्वमा १३ देशले युक्रेनको पछिल्लो अवस्था र त्यसले परमाणु सुरक्षामा पार्ने असरबारे छलफल गर्न बोर्ड बैठक बोलाउन आग्रह गरेका थिए ।

ती देशहरूले जनवरी २१ गते पठाएको पत्रमा युक्रेनको वर्तमान परिस्थितिले परमाणु सुरक्षामा गम्भीर र तत्काल जोखिम उत्पन्न गरिरहेको उल्लेख गरेका छन् । पत्रमा हालका आक्रमणले ऊर्जा पूर्वाधारमा थप क्षति पुऱ्याएको र यो परमाणु केन्द्रहरूको सुरक्षित सञ्चालनका लागि अत्यावश्यक रहेको बताइएको छ ।

गत साता चेर्नोबिल परमाणु विद्युत् केन्द्र केही समयका लागि बाह्य विद्युत् आपूर्तिबाट पूर्ण रूपमा विच्छेद भएको थियो । यस्तै, मार्च २०२२ देखि रुसी सेनाको नियन्त्रणमा रहेको जापोरिज्झिया परमाणु विद्युत् केन्द्र पनि द्वन्द्वको प्रत्यक्ष असरमा परेको छ ।

जापोरिज्झिया केन्द्रका सबै रिएक्टर बन्द अवस्थामा रहे पनि शीतलन प्रणाली र सुरक्षा संयन्त्र सञ्चालनका लागि निरन्तर विद्युत् आपूर्ति आवश्यक रहने विज्ञहरूले बताएका छन् । यसैकारण क्षतिग्रस्त वैकल्पिक विद्युत् लाइन मर्मत गर्न यसै महिनाको सुरुआतमा रुस र युक्रेनबिच सीमित क्षेत्रीय युद्धविराम गरिएको थियो ।

यसबिच, रुस र युक्रेनले एक-अर्कामाथि परमाणु दुर्घटनाको जोखिम बढाउने गतिविधि गरेको आरोप लगाउँदै आएका छन् । अन्तर्राष्ट्रिय समुदायले स्थिति थप जटिल नबनाउन संयमता अपनाउन आग्रह गरेको छ ।

# पाकिस्तानमा सुरक्षा कारबाही : पाँच आतङ्कवादी मारिए

इस्लामाबाद, १६ माघ (सिन्ह्वा) । पाकिस्तानको उत्तर-पश्चिम खैबर पख्तुनख्वा प्रान्तको बाँनु जिल्लामा सुरक्षाबलले सञ्चालन गरेको खुफिया सूचनामा आधारित विशेष कारबाहीका क्रममा पाँच जना आतङ्कवादी मारिएका छन् भने सात जना अन्य आतङ्कवादी घाइते भएका छन् ।

सुरक्षा अधिकारीहरूका अनुसार डोमेल क्षेत्रलाई केन्द्र बनाएर संयुक्त सुरक्षा अपरेशन सञ्चालन गरिएको थियो । प्राप्त सूचनाअनुसार उक्त क्षेत्रमा लुकेर बसेका आतङ्कवादीहरूले सुरक्षाकर्मीमाथि आक्रमणको योजना बनाइरहेका थिए । कारबाहीका क्रममा आतङ्कवादी र सुरक्षाबलबिच भीषण गोली हानाहान भएको थियो ।

घटनास्थल वरपरको पहाडी र दुर्गम भू-भागको फाइदा उठाउँदै केही आतङ्कवादी भाग्न सफल भएको जनाइएको छ । भागेका आतङ्कवादीहरूको खोजी तथा सम्भावित लुकाइस्थान पहिचान गर्न थप सुरक्षाबल परिचालन गरिएको छ । स्थानीय प्रशासनले सर्वसाधारणको सुरक्षाका लागि क्षेत्रमा सुरक्षा सतर्कता बढाएको छ ।

प्रहरी अधिकारीहरूले आतङ्कवादी गतिविधि नियन्त्रण गर्न यस्ता खुफिया-आधारित कारबाहीलाई निरन्तरता दिइने बताएका छन् । उहाँका अनुसार देशमा शान्ति, सुरक्षा र कानुन-व्यवस्था कायम गर्न सुरक्षाबल पूर्ण रूपमा प्रतिबद्ध रहेको छ ।

यसैबिच, पाकिस्तान सरकारले आतङ्कवादविरुद्धको अभियानलाई अझ प्रभावकारी बनाइने स्पष्ट पारेको छ । प्रधानमन्त्री तथा उच्च सरकारी अधिकारीहरूले सुरक्षाबलको साहस, सतर्कता र सफल कारबाहीको प्रशंसा गर्दै आतङ्कवाद उन्मूलन सरकारको प्रमुख प्राथमिकता रहेको बताएका छन् ।

विश्लेषकहरूका अनुसार पछिल्ला महिनाहरूमा खैबर पख्तुनख्वा प्रान्तमा सुरक्षा चुनौती बढ्दै गएको सन्दर्भमा गरिएको यो कारबाही महत्त्वपूर्ण मानिएको छ । यसले आतङ्कवादी गतिविधि नियन्त्रणमा सकारात्मक सन्देश दिने अपेक्षा गरिएको छ ।

# बङ्गलादेश–पाकिस्तान प्रत्यक्ष उडान पुन : सुरु

ढाका, १६ माघ (सिन्ह्वा) । बङ्गलादेशको राष्ट्रिय ध्वजावाहक विमान बङ्गलादेश एयरलाइन्सले १० वर्षभन्दा लामो समय अन्तरालपछि राजधानी ढाकाबाट पाकिस्तानको कराचीका लागि प्रत्यक्ष उडान पुन: सुरु गरेको जनाइएको छ ।

ढाकाबाट सुरुवाती उडान, बीजी - ३४१ हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थलबाट कराचीका लागि बिहीबार स्थानीय समय अनुसार बेलुका करिब ८ बजे १३८ यात्रु बोकेर भएको थियो ।

बङ्गलादेशको नागरिक उड्डयन तथा पर्यटन मन्त्रालयका सल्लाहकार शेख बशीर उद्दीन र बङ्गलादेशका लागि पाकिस्तानका उच्चायुक्त इमरान हैदरले संयुक्तरूपमा रिवन काटेर विमानस्थलमा आयोजित उद्घाटन समारोह उद्घाटन गरेका थिए ।

राष्ट्रिय ध्वजावाहक कम्पनीले ढाका-कराँची उडान हरेक बिहीबार र शनिबार सञ्चालन हुने बताएको छ ।

प्रत्यक्ष उडानहरू पुन: सुरु गर्नाले दुई देशबिच यात्रा सजिलो हुने र दुई दक्षिण एसियाली देशहरू बिचको व्यापारलाई सहज बनाउने अपेक्षा गरिएको छ ।

बङ्गलादेश र पाकिस्तानबिचको द्विपक्षीय सम्बन्ध सुधार हुँदै जाँदा प्रत्यक्ष उडानहरू सम्भव भएको जनाइएको छ ।

# प्रधान: नओझेलिनुपर्ने मूर्धन्य स्रष्टा

✍ तेजेश्वर बाबु ग्वंग:

मातापिताका कुलघरानाअनुरूपका नाम चन्द्रप्रसाद प्रधानका चन्द्र अगाडि 'हृदय' शब्द नै उपसर्गझैँ तुल्याएर हृदयचन्द्र बनेका नेपाली वाङ्मयका मूर्धन्य स्रष्टा समीक्षक उनै हुन्, जसलाई नेपाली साहित्यिक संसार सम्मान समर्पण गर्छ। सम्मान आडम्बर गर्दैमा प्राप्तिने उत्कर्ष होइन। सम्मान आत्म उपलब्धिने उपहार हो भन्छु। हृदयचन्द्र उस्तै उत्सर्गका उत्कर्षमूलक सिंह प्रधान हुन्। सिंह प्रधान राणाकालीन शासन व्यवस्थामा प्रदान हुने एक सामाजिक सम्मान शब्द बन्न पुग्यो। उत्साही, प्रबल र तीक्ष्ण मानस कुण्ड भएकालाई 'सिंह' भनिने तत्कालीन सम्मान संस्कार रहेको छेस्को बालापनमा सुन्ने गरेको झझल्को खन्याइरहेछु। बुबा र मामाहरूका कुराकानी सुन्दै गर्दाका यी चासो कनिकुथी बनेछ यहाँ। हृदयचन्द्रसिंह प्रधान खलक मुन्सी दर्जेनीका समुदाय सदस्य थिए। 'मुन्सी' शब्द अरबी रहेर पनि यस देशको तत्कालीन शासन व्यवस्थामा व्यवहृत अभिव्यञ्जना बन्यो। मुन्सी शब्दको अर्थ परराष्ट्र मामिला हेर्ने निकाय/अड्डाका मानिस हुन्छ। परराष्ट्र मामिला हेर्ने अड्डा/परराष्ट्र मन्त्रालयलाई मुन्सीखाना भनिन्थ्यो। हृदयचन्द्रसिंह प्रधान पनि मुन्सी खलकका एक सदस्य थिए।

कुलघरानले जेसुकै भए तापनि हृदयचन्द्र साहित्यिक क्षितिजमा मुटु-मुटुहरूका मुटुचन्द्र भएर उदाए। हृदयचन्द्रकृत अनेक कृतिका कीर्ति नेपाली वाङ्मयका श्रीवृद्धिका कीर्तिमान बने, बनेका छन्। उनका शब्द शुद्धि विज्ञान जुद्धोदय माध्यमिक विद्यालयका विद्यार्थीकालमा (२००५) पढेको मिर्मिरे सम्झना अझै उजेलिएकै छ। उनका 'चिहृन परिचय' (२०००), केही नेपाली नाटक, (समीक्षा २००२), 'भूस्वर्ग' (निबन्धसङ्ग्रह २००३), 'साहित्य एक दृष्टिकोण' (समीक्षा २००४), 'तीस रुपैयाँ नोट, (निबन्धसङ्ग्रह २००४), 'जुँगा' (निबन्धसङ्ग्रह २००९), 'कुरा साँचो हो' - निबन्धसङ्ग्रह २०११), 'स्वास्नीमान्छे' (उपन्यास २०११), 'गङ्गालालको चिता' (नाटकसङ्ग्रह २०११), 'उसको आँसु' ( कथासङ्ग्रह २०१२), भानुभक्त एक समीक्षा (समीक्षा २०१३), छेउ लागेर (नाटकसङ्ग्रह



२००६), कीर्तिपुरको युद्धमा ( एकाङ्कीसङ्ग्रह), हृदयचन्द्रका कथाहरू ( २०२५), एक चिहान (उपन्यास २०१७) जीवन्त सिर्जना रहेका छन्। क्षयरोग ग्रस्त हृदयचन्द्र रोगी रहेझैँ रहेनन्। रोगलाई माथ गर्ने साहस उनको मुटुको धड्कन थियो। रोगलाई पर्वाह नगरी अदम्य साहस बोकेर साहित्यसेवा पथमा यात्रा लम्काउनु हृदयचन्द्रका सक्कली प्रधानका प्राधान्य बनेथ्यो।

२०१० सालदेखि नेपाल साहित्य मन्दिर भक्तपुरले उहाँलाई भक्तपुरमा साहित्यिक प्रवचनमा आमन्त्रण गर्ने गरेथ्यो। दु:ख र कष्ट नमानी त्यो बेलाको काष्ठमण्डप-मरुटोलदेखि परका दरबार इलाका भक्तपुर धाएर निरन्तर उपकार मान्नेक्रम २०१४/०१५ सालसम्म जारिराख्नुभएथ्यो। प्रखर साहित्यिक चुनौतीपूर्ण हुन्छ। हास्यबिनाको व्यङ्ग्य जहिल्यै आक्षेपमा परिणत हुनसक्छ। कहिले तीव्र आलोचना त कहिले प्रहारै। हास्य व्यङ्ग्यकार बन्ने जमर्को आँटिलो साहसबाट मात्र सम्भव छ। हास्यव्यङ्ग्य महजस्तै रहन्छ। मह पौष्टिक आहार। पौष्टिक आहार घिउ नि प्राकृत उपचार गर्ने औषधि। सायद मही मथेर निकालेको घिउ र मह त्यसैले पञ्चामृतमध्येका अमृत हृदयचन्द्रसिंह प्रधानका स्वर मुखरण र लेखन उस्तै-उस्तै हुन्थे। जस्तो वाणी उस्तै लेखन। जस्तो लेखन उस्तै वाणी। हृदयचन्द्रसिंहका सिंहनाद। उहाँलाई सुनिरहँदा सुन्नेमाथिको व्यङ्ग्य तीतोभन्दा मीठो हुन्थ्यो। आफैंमाथि खनिएको हुन्थ्यो। तर नहाँसी सुखै नपाइने अवस्था हुन्थ्यो। व्यङ्ग्यसित हास्यरस मिसिएपछि यस्तो हुँदोरहेछ। जुङ्गा निबन्धमा जुङ्गेहरू त इँटाका बादशाहजस्तै देखिँदारै'छन्। तत्कालीन श्री ३ मोहनले यो मलाई नै भनेको राग मच्चाएको रोचक-घोचक सुनाउनुहुन्थ्यो उहाँ।

'पोकटिया/सितिन्ला मास्टर' एकाङ्की नाटक नितान्त पेचिलो अभिव्यक्तिका सँगालोझैँ लाग्छ अझै। शिष्ट र सौम्य व्यङ्ग्यले हास्य जन्माउँदोरैछ। कुरैकुरामा विद्यार्थीहरू ( खस, मधिसे, नेवार) आपसमा छेडछाड मच्चाउँछन्। एकले अर्कालाई हान्छन् र भन्छन्, खय्-खय् नभन, महाराधिरजको जात हुँ, मर्स्या-मर्स्या नभन, जवाहरलाल नेहरूको जात हुँ। न्यार,-न्यार नभन, मास्टरसावको जात हुँ। वाणजस्तो प्रखर आलोचना पनि रसिलो पार्नु सिंहका सिंहनाद नै बन्थ्यो, बन्छ। अधिकांश प्रधानका अभिव्यक्ति हास्यव्यङ्ग्यप्रधान रहेका छन्। सरल भाषामा जटिल कुरो रसवान बनाउनु उनको रचनाधर्म बनेका छन्। यसको पुष्टि उनका सिर्जनात्मक रचनाहरू पढ्दा सन्तुष्टिमा परिणति पाउँछ। आफ्नै अनुभूति बक्छ यहाँ। जन्मदिनको दान लिन जाँदा चन्द्रप्रसाद नामका बथानमा आफ्नो वर्चस्व बिलाएको बखान गर्दै चन्द्रप्रसाद नामै फेर्ने प्रेरणा जागेको वर्णन अत्यन्त रोचक मिथकझैँ लाग्छ। सत्य-तथ्यलाई पनि मिथकीय आख्यानको पुट लगाउनु हृदयचन्द्रसिंह प्रधानका शिल्पकारिता बनेको छ।

हृदयचन्द्रसिंह प्रधान नेवार समुदायका सार्थक नेपाली राष्ट्रभाषा वाङ्मयका मूर्धन्य व्याकरण वाचक पनि थिए। त्यसबेला नेवारहरू नेवारी नेपाली बोल्थे। नेवारी शब्दका दन्त्य अक्षर सबै मूर्धन्यकरण भए। नेपाली मूर्धन्य अक्षरलाई नेवारहरूले दन्त्यकरण गरे। ट त बने। ध ढ बन्न पुगे। भोताहिती भोटाहिटी बने। धेबा ढेवा भनिए, लेखिए। यसो हेर्दा नेपाली मूर्धन्यप्रधान र नेवारी दन्त्यप्रधान भाषाझैँ लाग्न थाल्छ। 'शब्द शुद्धि विज्ञान' र 'चिहृन परिचय' नेपाली लेखलाई सम्बन्धी संरचना नै त हुन्, प्रधानका। पात्र चयन, भूमिका निर्वाहीकरण, घटनाक्रममा मोड यी हृदयचन्द्रसिंहका शिल्पकारिताका सरल स्वाभाविकता बनेका छन्, उनका नाटक र एकाङ्की प्रकरणहरूमा। 'गङ्गालालको चिता' उनका देश, चेतना, बलिदान अनि कुर्वानीमूलक उत्सर्गको उत्कर्षमूलक सिर्जना सङ्ग्रह बनेका छन्। सिर्जनात्मक साधक बन्न लङ्गुरको झैँ लामो पुच्छर र गोरुको जस्तै सिङ्गौरी सिङ नभए नि केही हुँदोरैनछ। अन्तष्करणमा आस्था उर्ले, उठेपछि स्वाध्यायनको अध्याय जमर्किँदो रहेछ। यसका ज्वलन्त उदाहरण बनेका छन्, स्रष्टा तर दिवङ्गत हृदयचन्द्रसिंह प्रधान।

मरुहिटीको पुछार शान्ति निकुञ्ज विद्यालयको आगन भगवतीवारि सेरोफेरो दक्षिण मोहडाको प्रधानका निवास स्थान थियो। दक्षिण मोहडाको त्यो घर ओझेलिएको थियो, घामबाट। घर अगाडिको बाटो, बाटोपारिको घर उनको घरको ढकिना बनेको थियो। घामका अनुहार दिनभर देख्न पाइन्थ्यो। आकल-झुकल पुग्दाका सादृश विवरण यस्तै-यस्तै। पलेँटी कसेछि कस्यो। मग्नमस्त बन्यो। सुनिरहेको रह्यै, समयले घुम्टो ओढिसकेको चालै नपाइने। स्व.पिवा:, रमापति, तिलक टुप्लुकिन्थ्यौँ हामी। विद्यार्थी जीवनी औगतले भ्याएसम्म पाँच/छ दाना फल-स्याउ कहिले सुन्तला हाम्रो उपहार, सौगात, आदर हृदयचन्द्रप्रतिको सम्मान। कविवर केदारमान व्यथित सुनाउनुहुन्थ्यो- "एकपटक प्रधानजीले पकेट रुमालले पुछी एकदाना स्याउ दिए। सङ्कोच मानी खाएँ। मलाई 'नि टीबी लाग्यो।" मनमनै भनेँ, "मैले 'नि खाएथेँ। खै ? तन्दुरुस्त छु।" सङ्कोच र सन्देह रोगको कारण बन्दोरै'छ। वनको बाघले नखाए 'नि मनको बाघले खाँदोरै'छ। सङ्कोचले आत्मबल निल्दोरै'छ।

जे होस्, हृदयचन्द्रसिंहले कहिल्यै मुसोको गति चालेनन्। अदम्य साहसका भकारी थिए उनी। सायद अदम्य साहसले मानिसलाई समीक्षक पनि बनाउँदोरैछ। हृदयचन्द्रसिंह प्रधान साहसिलो समीक्षक थिए। सिंहका समीक्षक यथार्थवादी थिए। उनका समीक्षात्मक आख्यानमा पूरापूर यथार्थपरक उत्कण्ठामात्र पाइने नभएर कूटनीतिक अभिव्यक्तिका पुट पनि रहेका छन्। स्व. कविवर केदारमान व्यथितको 'एकदिन' कवितासङ्ग्रह (२०११) को भूमिका लेखनमा प्रधानले प्रयोग गरेका कूटनीतिक अभिव्यक्ति यसरी दिनुभएको छ:

'व्यथितजीको यो एकदिनमा विशेषत: नेपालको नक्सा र स्थिति या चित्रण हाँसेको देखेँ। विशेष गरेर नेपालकै स्थिति, घटना, प्रकृतिलाई लिएर लेखिएको भए तापनि कवितामा व्यापकता पनि भएको हुनाले सीमाले बाँधिएको छैन। यो पनि कवितासङ्ग्रहको राम्रो कुरा हो।

व्यथितजीको यो सङ्ग्रहमा मात्र होइन, प्राय: प्राकृतिक किसिमका कविताहरूमा सुस्मित, असीमित, मुखरित, अभिसार, अभिनित, मुदित, अभिषेक, तम, तिमिर इतयादि शब्द प्राय: नपरेका हुँदैनन्। यसबाट कतै-कतै भनाइ उस्तै-उस्तै किसिमको भएर दोहोरिन गएको पनि देखिन्छ। उही-उही शब्द धेरै पर्नाले भाव दोहोरिन जानु त स्वाभाविकै पनि छ।'

समीक्षात्मक भूमिका लेखन या भूमिकाभरिका समीक्षामा सिंहले कुनै कटु शब्द प्रयोगविना नहुनुपर्ने पक्षका उल्लेख गरेका छन्। कूटनीतिक अभिव्यञ्जनाखातिर शिल्प साधना गर्नुपर्दो रहेछ। त्यसको आँखैदेखि साक्षी यी वाक्य विन्याश बनेका छन्। उहाँ कुन हदसम्म यथार्थवादी बन्नसक्नु हुँदोरै'छ...? त्यसको साथ बुनेका यी हरफहरू नियालौँ :

'शरीर हाँसेरमात्र हुँदैन, कवितामा प्राण मुस्कुराएको हुनुपर्छ, नत्र कृतिमा कवि मुस्कुराएको वा रोएको नभइकन नेताले ख्याल गरेको वा विलापेको जस्तोमात्र हुन जान्छ। यही कारणले हो, कालिदासहरूका कृति असल नभएर राम्रो भएजस्तै आज प्रगतिवादी कविता असल भएर राम्रो हुन सकेको छैन।

नेपाली प्रगतिशील क्याम्पका कप्तान कवि कृष्णचन्द्रसिंहकै पनि प्रगतिवादी कविता उति राम्रो महकिन र फुल्न सकेको देखिन। बरु अगाडिकै कवितामा ज्यान जोतिएको देख्छु। उनको 'भञ्ज्याङनिरै' कवितासङ्ग्रह हेर्दा प्रगतिशील कविताको अध्याय 'खण्ड आज' भन्दा 'खण्ड हिजो' नै कविताको दृष्टिले राम्रो लागेको देखेँ।'

हृदयचन्द्रसिंह प्रधान स्पष्टवादी वक्ता पनि रहेका छन्। उनका अभिव्यक्ति सीपवान रहे। सीपवान साधनाले गाला पड्काउँदा दुख्ने भएर पनि मुसुक्क ओठ फर्काउनुपर्ने भइदिन्छ। उनीसित यस्तो शिल्प थियो। त्यस्ता शिल्प साधनाका उपासक थिए, दिवङ्गत प्रधानका हृदयचन्द्रसिंह। त्यसबेला अचेलझैँ स्वर सञ्चय-सारिणी यन्त्र छ्यापछ्याप्तिसकेको थिएन। उनका ती प्रखर अभिव्यक्तिका स्वर-सञ्चय गर्न सकेको भए हामीलाई हामीसित राख्न कत्रो टेवा पुग्ने थियो। यी केही सारसङ्क्षेपमात्र हुन् - बहुमुखी प्रतिभाका कुवेर हृदयचन्द्रसिंह प्रधानका ९६ औँ जयन्ती अवसरको श्रद्धाञ्जली शब्द उपहार माल...। नओझेलिनुपर्ने मूर्धन्य स्रष्टा हृदयचन्द्रसिंह प्रधान जसका दिवङ्गत आत्मालोक अनि अमर जन्मभूमिलोक दुवै एकसाथ समाएर बग्ने अविरल नदी बनिरहनेछ। बगिरहून्, अनन्त पर्यन्त...।

## कविता

### भैँडा ठान्ने को ?

✍ माया

सरकार चाहने को ?
सत्ता नबुझ्ने को ?
पैसा बाँड्ने को ?
भैँडा ठान्ने को ?
भोज खुवाउने को ?
सामान बाँड्ने को ?
कालो धन्दा गर्ने को ?
गिटी तस्कर को ?
दुई नम्बरी को ?
गाडी चढ्ने को ?
सहकारी ठग को ?
देश त्याग्ने को ?
आचरण नमान्ने को ?
काम नदिने को ?
चेली बेच्ने को ?
ऋण बोकाउने को ?
भ्रष्टाचार गर्ने को ?
आगो लगाउने को ?
राजीनामा दिने को ?
हेलिकप्टरमै भाग्ने को ?

*२०८२ माघ १५*

### चुनाव आयो हेर

✍ सुनिता गाइसी

गाउँ घर सबैतिर
चहलपहल बढेको छ।
मिठा मिठा आश्वासन बाँड्ने
लहर चलेको छ।

खादा माला लगाएर
खेतैमा भेटिन्छन्
घाँसको बारी बोक्नेदेखि
जलेबीसम्म पकाएका छन्।

एक पार्टीकाले अर्को पार्टीको
खेदो खन्नुसम्म खन्छन्।
आफ्ना राम्रा एजेन्डा मात्र
भने हुने थियो जनता भन्छन्।

चुनावको माहोलले जनता
अन्योलमा छन्
कुन सही पार्टी हुन्
छुटाउन गाह्रो भो भन्छन्।

चुनाव आउँदा गाउँ
धाउने पुरानै छ चलन
जितेपछि कता पुग्छन्
बिर्सन्छन् तिनका आश्वासन।

जनताका दु:ख बुझ्ने नेतृत्व
अब चाहियो
आश्वासन होइन अब काम गर्ने
नेता चाहियो।

नयाँ नेपाल बनाउने
भनी त्यत्रो विध्वंस गरे
भएभरका संरचना
खरानी नै बनाए।

अब पनि मासुभातमा
बिके भने जनता
देश विकासका कुरा हेर
कतातिर जान्छ ?

चुनावको महत्त्व बेलैमा बुझौँ
आफ्नो मतको सही प्रयोग गरौँ
देशको समग्र विकासमा हामी
सबै लागौँ।

सही व्यक्ति छानी आफ्नो
भोट दिने गरौँ
एक भोट निकै अमूल्य
हुन्छ बेलैमा विचार गरौँ।

### सहिदप्रति सच्चा श्रद्धाञ्जली

✍ शम्भु प्रजापति

*सहिदको तस्बिरलाई औपचारिकताको भित्तामा टाँग्दैमा*
*सहिदको सालिकलाई देखावटी दोबाटोमा ठड्याउँदैमा*
*सहिदको नामका अक्षरलाई कर्मकाण्डी राजपत्रमा छाप्दैमा*
*उसको सपना साकार हुन्छ र ?*
*ऊप्रति श्रद्धाञ्जली व्यक्तिन्छ र ?*
*उसको आत्माले शान्ति पाउँछ र ?*

*जबसम्म सहिदको त्यागको तागतले मोटाएकाहरूले नै*
*उसले रोपेको आदर्श चेतनको अङ्कुरलाई कुल्चने गर्छन्*
*सहिदको बलिदानको बरदानले शासनको आसनमा बसेकाहरूले नै*
*उसले छोडेको नि:स्वार्थ सेवाको नासोलाई पासो ठान्छन्*
*तबसम्म 'सहिद दिवस' अङ्कित भित्ते पात्रोले*
*सहिदलाई नै उपहासको पात्र बनाइरहन्छ*
*बिदा, समारोह, भाषण र मालाले*
*उसको अमूल्य योगदानको अवमूल्यन गरिरहन्छ।*

*उत्पीडनको उपनिवेश कसैको हृदयमाथि नचलोस्*
*शोषणको कुपोषणले कसैको व्यक्तित्व नगलाओस्*
*अन्यायको अतिक्रमणले कसैको आत्मसम्मान नढलोस्*
*आउँदो पुस्ताले फेरि बलिदानको बागडोर थाम्न नपरोस्*
*यही नै शाहादतको सार सन्देश हो।*
*यही नै बलिदानी हृदयको ध्येय हो।*
*यही नै आहुतीले खोजेको उन्नति हो।*
*यही नै महान् आत्माको दिशानिर्देश हो।*

*रगत पसिना बगाउनेहरू नै इतिहासका नायक बन्ने गरी*
*सभ्यता र समृद्धिमा सबले समान भागीदारी पाउने गरी*
*बन्दुकहरू केवल बेथितिको छातीमा मात्र सोझिने गरी*
*आँसुले कसैको आँखामा बास बस्न नपाउने गरी*
*पटक-पटक धोका दिने छल र स्वार्थका मकुन्डोहरू उदाङ्ग्याउनुपर्छ*
*चेतनाको चमक र आस्थाको आलोकमा नयाँ भविष्य खोज्नुपर्छ*
*यही नै सहिदको योगदानको स्मरण हो*
*यही नै सहिदप्रति सच्चा श्रद्धा अर्पण हो।*

### बनेका छन् उम्मेदवार

✍ सत्यराम कासिछ्वा

पद र पैसाको शक्ति देखाई
निमुखाको सम्पत्ति कब्जा गर्ने
आज जनताको सेवाको नाउँमा
बनेका छन् उम्मेदवार

गरिब र निमुखा जनतालाई
डर त्रास देखाई खुला आकाश र बाटो
कानुनको आधारमा कब्जा गरेर
बनेका छन् उम्मेदवार

विदेशी ऋण र सहयोग लिई
देशको विकास र समृद्धि देख्ने
दलाल विचारका नेता कार्यकर्ता
बनेका छन् उम्मेदवार

सामान्य जनताको जीवनचर्या
व्यवस्थाअनुसार सेवा पाउन
कष्टकर भए तापनि लाजै नमानी
बनेका छन् उम्मेदवार

देशको स्रोत साधन
विदेशीको हातमा सुम्पिएर
देशको विकास गर्ने दलाली सोचले
बनेका छन् उम्मेदवार

जनताको श्रम र पसिना
सहकार्यको नाउँमा ठगेर
अपराध र भ्रष्टाचार गरे तापनि
बनेका छन् उम्मेदवार

## लघु कथा

### राष्ट्रिय झन्डाको दुरूपयोग

✍ गङ्गा

"लौ हेर ! काँधमा नेपालको राष्ट्रिय झन्डा ओढेर सिंहदरबारमा आगो लगाइयो, तोडफोड गरियो। सर्वोच्च अदालत, संसद् भवनमा पनि त्यस्तै तोडफोड र आगजनी गरियो। देशको सम्पत्ति खरानी पारेकोमा कति युवा कलाकारहरूले खुसी मनाए, नाचे। के यो राष्ट्रिय झन्डाको दुरूपयोग र अपमान होइन ? यिनीहरू पक्कै पनि विदेशीद्वारा परिचालित मान्छेहरू हुनुपर्छ। देशभक्त युवा, कलाकारहरूले त्यस्तो गर्ने सक्दैनन्। यदि यो देशभक्त सरकार हो भने यिनीहरूलाई कानुनको दायरामा ल्याएर जेल कोच्नुपर्छ। त्यस्तो गर्ने गराउने विदेशीलाई औँलो उठाउनुपर्छ। दोषी भ्रष्टाचारीलाई जेल हाल्नुपर्छ।" भदौ २३ र २४ गते देशको सम्पत्ति जलाउँदै गरेको दृश्य चिया पसलको टीभीमा हेर्दै चिया खाँदै गरेका एक देशभक्त युवाले सँगैको अर्को साथीसँग आक्रोश पोखे।

साथीको विचारलाई समर्थन गर्दै अर्को साथीले भने, "देशको राष्ट्रिय झन्डा भनेको रगतले कोरिएको स्वाधीन र सार्वभौम देशको स्वाभिमान र गौरवको प्रतीक हो। खेलाडीलगायतका नेपाली नागरिकले देशको गौरव, प्रतिस्था बढाउने पदक जित्यो भने अन्य पुरस्कार प्राप्त गर्दा, सगरमाथाको कीर्तिमानी सफल आरोहण गर्दा यो झन्डा ओढ्नु स्वाभाविकै हो। अब यसलाई भ्रष्टाचारी, ज्यानमारा, डाँका, अपहरणकारी, देशघातीहरू र अन्य अपराधीहरूले पनि काँधमा, टोपीमा लगाउन थाले। यो भनेको राष्ट्रिय झन्डाको दुरूपयोग र अपमान हो। यस्तो गौरवपूर्ण झन्डाको दुरूपयोग गर्ने, देशको सम्पत्ति तोडफोड र आगो लगाउँदा टुलुटुलु हेरेर बस्ने, लुक्ने, उक्साउने दल, उम्मेदवार आदिलाई फागुन २१ गतेको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सबै देशभक्त युवाहरू मिलेर हराउनुपर्छ। देशभक्त दल र उम्मेदवारहरूलाई देशभरबाट अत्याधिक मत हाली जिताएर पठाउनुपर्छ !" समाचार पनि सकियो, चिया पनि सकियो। साहुलाई चियाको पैसा दिएर ती दुबै युवा घर गए।

# नयाँ पुस्तामा वैज्ञानिक समाजवादी विचार जरूरी



भक्तपुर, १६ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा पार्टीका सचिव प्रेम सुवालले दुवाकोट बेसी टोलका जनतासँग भेटघाट गर्नुभयो ।

भेटमा सचिव सुवालले नेपाल मजदुर किसान पार्टी आदर्श समाज निर्माणको लागि ५२ वर्षअघि अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले स्थापना गर्नुभएको उल्लेख गर्दै जनतालाई राजनीतिकरूपमा शिक्षित र सचेत बनाएर मात्र पार्टी सदस्य बनाउने नेमकिपाको नीति भएको बताउनुभयो ।

नेमकिपाले देश र जनताको नि:स्वार्थ सेवा गर्दै आएको उल्लेख गर्दै सांसद सुवालले पैतीस वर्षयता सरकारमा गएका दलहरूले सार्वजनिक संस्थान निजीकरण गरी देशलाई वार्षिक १५ खर्ब रूपैयाँ व्यापार घाटा पारेको र २८ खर्बभन्दा बढी ऋणमा देशलाई डुबाएको बताउनुभयो ।

सचिव सुवालले स्पष्टसँग राख्नुभयो, “उमेरले नयाँ पुस्ता भएर पुग्दैन नयाँ विचार पनि हुनु आवश्यक छ । पुँजीवादी विचार बोक्नेहरू उमेरले नयाँ पुस्ता भएर समाधान निस्किँदैन । नयाँ पुस्तासँग वैज्ञानिक समाजवादी विचार भएमात्र समाधान निस्किनेछ ।”

नेमकिपा भक्तपुरका उपाध्यक्ष एवं चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोंजुले नेमकिपाको स्थापना कामदारवर्गका जनतालाई शासकवर्गमा पुऱ्याउने उद्देश्यले भएको बताउनुभयो ।

मा.वि.तहसम्म नि:शुल्क र अनिवार्य शिक्षा, विश्वविद्यालय तहसम्म नि:शुल्क शिक्षा तथा स्वास्थ्य उपचार नि:शुल्क गर्ने व्यवस्थाको लागि प्रतिनिधिसभामा नेमकिपाको उपस्थिति अनिवार्य रहेको उहाँले बताउनुभयो ।

त्यस्तै नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा शुक्रबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले नेमकिपाको स्थापना जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादी व्यवस्था स्थापना गर्ने लक्ष्यले भएको बताउनुभयो ।

उहाँले समाजमा व्याप्त भ्रष्टाचार, अन्धविश्वास, कुरीति, कुसंस्कार, बहुविवाह, बालविवाहको विरूद्धमा जनतालाई सचेत, सङ्गठित र सङ्घर्षशील बनाउनु आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा आयोजक समितिका अध्यक्ष एलएन लिगल र सचिव एस. दुलालले पनि बोल्नुभएको थियो ।

# नेमकिपा समाजवादी गणतन्त्र स्थापना गर्न जनता सङ्गठित गर्ने अभियानमा




भक्तपुर, १६ माघ । नेपाल मजदुर किसान पार्टी टोखा नगर समितिको आयोजनामा पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा बिहीबार एक प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले नेपाल मजदुर किसान पार्टी स्थापनाकालदेखि देश र जनताको सेवाको लागि निष्ठा र इमानदारीपूर्वक लागिरहेको बताउनुभयो । सिद्धान्त र विचारबिना दीर्घकालीन लक्ष्य प्राप्त नहुने उल्लेख गर्दै उहाँले नेमकिपाले समाजवादी गणतन्त्र स्थापनाको लागि जनतालाई विविध ढङ्गले सङ्गठित गर्ने अभियान चलाइरहेको बताउनुभयो ।

देशको यो विषम परिस्थितिमा पुँजीवादी र विदेशी शक्तिहरूबाट परिचालित पार्टीको गतिविधिबाट सचेत हुनुपर्ने औँल्याउँदै उहाँले जनताको बिचमा गई समाजवादी गणतन्त्र प्रचार अभियानलाई व्यापक बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा टोखा नगर समितिका अध्यक्ष एवं काठमाडौँ क्षेत्र नं. ५ का उम्मेदवार शोभालाल श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा काठमाडौँ जिल्ला समितिका सचिव शैलेश डङ्गोल, नेमकिपा टोखा नगर समितिका उपाध्यक्ष एवं काठमाडौँ जिल्ला क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य उम्मेदवार मदन श्रेष्ठ, नेमकिपा टोखा ३ नं. वडा समितिका अध्यक्ष एवं पार्टीका समानुपातिक उम्मेदवार कसिनारायण डङ्गोल, नेपाल क्रान्तिकारी महिला सङ्घ टोखा नगर समितिका अध्यक्ष एवं क्षेत्र नं. ७ का प्रतिनिधिसभा सदस्य गणेशमाया श्रेष्ठ डङ्गोल र नेमकिपा टोखा नगर समितिका सहसचिव नरेश डङ्गोलले पनि बोल्नुभएको थियो ।

# कामदार वर्गका जनताले वर्गीय राजनीति गर्नुपर्ने

भक्तपुर, १६ माघ । मधेस प्रदेशका जिल्लाहरूबाट भक्तपुरमा विभिन्न पेसा व्यवसायमा रहेका जनताको एक भेला शुक्रबार सम्पन्न भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टी मधेश प्रदेस समितिका सचिव प्रकाश थुसाले कामदार वर्गका जनताले राजनीति वर्गीय हुने तथ्य बुझेर वर्गीय राजनीति गर्नुपर्ने बताउनुभयो ।

उहाँले कसले के भन्छ भन्दा पनि तिनीहरूले के गरे र कसबाट सञ्चालित छन् भनी बुझ्नुपर्ने बताउनुभयो ।

पुँजीवादी पार्टीहरूले निर्वाचनको मुखमा आश्वासनको पुरिया बाँड्ने, मासु, रक्सी र पैसा बाँडेर मत किन्ने र साम्प्रदायिक नारा दिने बताउँदै कामदार वर्गका जनता सङ्गठित बनी आफूमध्येकै जनप्रतिनिधि चयन गर्न नसिकेसम्म पुँजीवादी पार्टी ठुला भइरहने छन् भन्नुभयो ।

उहाँले संसारका सबै काग कालो भएजस्तै सबै ठाउँका शोषकहरूले कामदार जनताको शोषण गर्ने र जनतालाई धोका दिने भएकोले नेपाली जनता सचेत र सङ्गठित बन्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपा मधेस प्रदेश समितिका सदस्य आरके ‘नेपाली’ले नेपालमा पटक-पटक सत्तामा पुगेका नेका, एमाले, माओवादी , राप्रपा र मधेसवादी भनिने दलहरूले नेपाली जनताको हितमा भन्दा विदेशी एकाधिकार पुँजी र त्यसका दलालहरूको सेवा गरेको स्पष्ट पार्नुभयो ।

नेमकिपाले सडक र सदनमा देश र जनताको हितका निम्ति निडर भई सङ्घर्ष गर्दै आएको गौरवशाली इतिहास रहेको उहाँले बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकामा जितेर नेमकिपाले सुशासन, सदाचार, शिक्षा र स्वास्थ्य उपचारमार्फत जनताको सेवा गरिरहेको प्रस्ट पार्नुभयो ।

भेलामा सर्लाहीका दिनेश, रौतहटका आफताव महम्मदलगायतले बोल्नुभएको थियो ।

# क्युवालाई तेल आपूर्ति गर्ने देशमाथि ट्रम्पको कर धम्की

वासिङ्टन, १६ माघ (एपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्युवालाई तेल बेच्ने वा आपूर्ति गर्ने देशहरूबाट आयात हुने सबै वस्तुमा कर लगाउने कार्यकारी आदेशमा बिहीबार हस्ताक्षर गरेका छन् । यस कदमले क्युवाको प्रमुख तेल आपूर्तिकर्तामध्ये एक मानिएको मेक्सिकोमाथि विशेष दबाब पर्ने देखिएको छ । मेक्सिकोले क्युवाप्रति ऐक्यबद्धता देखाउँदै आएको भए पनि हाल ट्रम्प प्रशासनसँग सम्बन्ध सन्तुलनमा राख्न खोजिरहेको छ ।

पत्रकारहरूले क्युवालाई ‘दबाउने’ प्रयास भइरहेको हो कि भन्ने प्रश्न गर्दा ट्रम्पले त्यस्तो शब्द कडा भएको बताउँदै क्युवा दीर्घकालीनरूपमा टिक्न नसक्ने अवस्थामा देखिएको लज्जास्पद टिप्पणी गरेका थिए ।

क्युवाका विदेशमन्त्री ब्रुनो रोड्रिगेज र अन्य अधिकारीहरूले आदेशको कडा निन्दा गर्नुभएको छ । उहाँले यसलाई क्युवा र क्युवाली जनतामाथि गरिएको क्रुर आक्रमणको संज्ञा दिँदै अमेरिकी नाकाबन्दी नीतिमा अन्य देशलाई जबरजस्ती सहभागी गराउन दबाब र धम्की प्रयोग गरिएको आरोप लगाउनुभएको छ ।

गहिरो ऊर्जा र आर्थिक सङ्कटमा परेको क्युवा मेक्सिको, रुस र भेनेजुयलाजस्ता सहयोगी राष्ट्रबाट आउने तेल आपूर्तिमा निर्भर रहँदै आएको छ । अमेरिकी प्रतिबन्ध र भेनेजुयलासँग सम्बन्धित पछिल्ला घटनापछि क्युवामा जाने तेल आपूर्ति घट्ने आशङ्का बढेको छ ।

मेक्सिकोको सरकारी तेल कम्पनी पेमेक्सका अनुसार सन् २०२५ को सुरुदेखि सेप्टेम्बरसम्म क्युवामा दैनिक करिब २० हजार ब्यारेल तेल पठाइएको थियो । तर, पछिल्ला हप्तामा यो मात्रा उल्लेखनीय रूपमा घटेको ऊर्जा विज्ञहरूले बताएका छन् ।

मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले तेल ढुवानी अस्थायी रूपमा रोकिनु सामान्य उतारचढावको परिणाम भएको र अमेरिकी दबाबका कारण नभएको बताउनुभएको छ । उहाँले मेक्सिको क्युवाप्रति मानवीय सहयोग जारी राख्न प्रतिबद्ध रहेको जनाउनुभएको छ, तर भविष्यको आपूर्तिबारे स्पष्ट धारणा सार्वजनिक गर्नुभएको छैन ।

ट्रम्प र सेनबामबिच बिहीबार फोन वार्ता भए पनि क्युवाको विषयमा छलफल नभएको मेक्सिको पक्षको भनाइ छ । यद्यपि, मेक्सिकोले अमेरिका र क्युवाबिच मध्यस्थको भूमिका खेल्न इच्छुक रहेको बताइएको छ ।

ट्रम्पको आदेशले क्युवाको ऊर्जा आपूर्ति र क्षेत्रीय राजनीतिमा कस्तो प्रभाव पार्ने भन्ने अझै स्पष्ट छैन । क्युवामा भने इन्धन अभावको चिन्ता बढ्दै गएको छ र पेट्रोलका लागि लामो लाइन देखिन थालेका छन् । क्युवाली अधिकारीहरूले दशकौँदेखि जारी आर्थिक दबाब असफल हुँदै आएको र नयाँ आदेशले नाकाबन्दीलाई थप कडा बनाएको प्रतिक्रिया दिएका छन् ।

***विद्यालय...***

भक्तपुर नगरपालिका लागिपरेको चर्चा गर्दै प्रमुख प्रजापतिले अहिले देशभरिबाट उच्च शिक्षा लिन भक्तपुर आउनेको सङ्ख्या उल्लेख्य रहेको बताउनुभयो ।

समाजवादी व्यवस्थाअनुसार शिक्षा र स्वास्थ्य उपचारको सम्पूर्ण व्यवस्था राज्यको दायित्वभित्र पर्ने भएकोले भनपाले पनि समाजवादी व्यवस्थाको आधारशिला निर्माण गर्ने कार्य गरिरहेको उल्लेख गर्दै प्रमुख प्रजापतिले भनपाले शिशु स्याहारदेखि ७ वटा कलेजहरू सञ्चालन गर्नुका साथै ख्वप अस्पताल सञ्चालन गरी जनताको सेवा गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “विद्यार्थीलाई शिक्षासँगसँगै असल संस्कार सिकाउनु आवश्यक छ । विद्यार्थी हाम्रा भविष्य र सम्पत्ति भएकोले उनीहरूलाई कुलतबाट बचाउन जरूरी छ । पद र पैसाको लोभमा नफस्ने इमानदार विद्यार्थी तयार गर्न सके विद्यालयले समाजकै सेवा गरेको ठहर्छ ।”

भक्तपुर नगरपालिका वडा नं. १० का वडा अध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले नयाँ तरिकाले सोच्न सिकाउने विद्यालयले मात्र भविष्यका चुनौती सामना गर्न सक्ने विद्यार्थी तयार गर्न सकिने धारणा राख्नुभयो ।

नेसनल प्याब्सनकी केन्द्रीय अध्यक्ष गीता राणाले अभिभावकको अपेक्षा बुझ्ने, विद्यार्थीको रूचि पहिचान गर्ने र शिक्षालाई सीप तथा जीवनसँग जोड्ने विद्यालय नै आजको आवश्यकता भएको चर्चा गर्दै भक्तपुर नगरपालिकाले शिक्षामा उल्लेखनीय काम गरिरहेकोमा खुसी व्यक्त गर्नुभयो ।

बाल विकास विज्ञ सानु अमात्यले बालबालिका खुसी भएमात्र सिकाइ प्रभावकारी हुने धारणा राख्दै विद्यार्थीकेन्द्रित सिकाइलाई जीवनसँग जोडिनु आवश्यक छ भन्नुभयो ।

विद्यालयका प्रिन्सिपल पुण्यराम कवांले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयले अतिरिक्त क्रियाकलाप, खेलकुद, सूचना प्रविधि कक्षा र सांस्कृतिक कार्यक्रमलाई नियमित पाठ्यक्रमकै अङ्ग बनाउँदै आएको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीप्रसाद कुसीको सभापतित्वमा भएको उक्त कार्यक्रममा मोटिभेसनल स्पिकर तुल्सीहरि प्रजापति, विद्यालय सञ्चालक समिति उपाध्यक्ष एवं व्यवस्थापक रत्नवीर किसी, विद्यालयका सेकेन्डरी इन्चार्ज सागर पराजुलीलगायत विद्यार्थी प्रतिनिधिहरूले बोल्नुभएको थियो ।

कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण, वर्ष विद्यार्थी, वर्ष शिक्षक, वर्ष अभिभावक, निरन्तर सेवा पदकहरू प्रदान गरिएको थियो ।

कार्यक्रमको दोस्रो चरणमा सांस्कृतिक कार्यक्रम भएको थियो ।

***“शासक...***

योजनाबद्धरूपमा अनुशासित भई लागिपरे हरेक कार्य सजिलै सम्पन्न गर्न सकिने भएकोले कार्यकर्ताहरू सहनशील, धैर्यवान र मिलनसार भई जनताको बिचमा जानु आवश्यक छ, उहाँले भन्नुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका उपाध्यक्ष लक्ष्मीभक्त लासिवाको सभापतित्वमा भएको उक्त कार्यक्रममा कृष्णगोविन्द लाखाजु र गङ्गाराम ज्याख्वले पनि बोल्नुभएको थियो ।

भेलाले कृष्णगोविन्द लाखाजुको अध्यक्षतामा नेमकिपा भक्तपुर नगर निर्वाचन प्रचार समिति गठन गरेको छ ।

**हार्दिक समवेदना**



यस विश्वकर्मा बचत कोषका सदस्यद्वय शमशेरबहादुर ज्याख्वा र पुण्यराम ज्याख्वाका पूजनीय पिता **जगतशेर ज्याख्वा**को दु:खद निधन भएको आज ४५ औँ दिन (लत्या) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

जन्म: २००५/०४/२६
निधन: २०८२/०९/०३

**विश्वकर्मा बचत कोष परिवार**
भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा